# हाम्रो जैमिनी

## स्थानीय विषयको पाठ्यक्रम-२०८१

## जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कुस्मिसेरा बागलुङ

हाम्रो जैमिनी (आधारभूत तहको स्थानीय पाठ्यक्रम)

**प्रकाशक :** जैमिनी नगरपालिका, बागलुङ

**संस्करण:** पहिलो (२०८०)

**सर्वाधिकार :** जैमिनी नगरपालिका

# प्राक्कथन

कुनै निश्चित तहका लागि तोकिएको समयावधिमा सिकाउन सकिने विषयको योजनालाई नै पाठ्यक्रम भनिन्छ । पाठ्यक्रममा उद्देश्य, पाठ्यवस्तु, शिक्षण सिकाइ प्रकिया तथा मूल्याङ्कन समावेश हुन्छन् । नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको अधिकारक्षेत्रभित्र राखेको छ । संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्ने कममा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र संशोधित पाठ्यक्रम २०७८ ले हरेक स्थानीय तहलाई स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी विद्यालयहरूमा कार्यान्वयन गर्न निर्देश गरेको छ । जैमिनी नगरपालिकाको आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रममा 'स्थानीय परिवेशअनुसारको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गरिने छ ।' भन्ने नीतिलाई निरन्तरता दिँदै आ.व. २०८०/८१ मा **हाम्रो जैमिनी, आधारभूत पाठ्यक्रम (६-८) २०८१** निर्माण गरिएको हो । यस पाठ्यक्रमबाट बालबालिकाले औपचारिक रूपमा आफ्नो ठाउँ, यहाँको कृषि, पशुपन्छी पालन, उद्योग तथा व्यापार व्यवसाय, शिक्षा, स्वास्थ्य तथा खेलकुद र ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाको पहिचानसहित सञ्चार प्रविधि र विपद् जोखिम जस्ता विविध जीवनोपयोगी विषयगत ज्ञान र सिपको वस्तुनिष्ठ ज्ञान मात्र होइन, प्रयोगात्मक सिपसमेत प्राप्त गरून् भन्ने अपेक्षा राखिएको छ ।

जैमिनी नगरपालिकाले विद्यालय स्तरमा रहेको स्थानीय विषयलाई बढी उद्देश्यमूलक, व्यावहारिक, समसामयिक एवम् स्तरीय बनाउने उद्देश्यले शिक्षक, अभिभावक, विद्यार्थी र स्थानीय शिक्षाविद् पाठ्यक्रम विद्को सहभागितामा विभिन्न बैठक, अन्तरकिया र कार्यशालासमेत गरी त्यसबाट प्राप्त भएका सुझावका आधारमा **हाम्रो जैमिनी, आधारभूत पाठ्यक्रम (१-५) २०८०** र **हाम्रो जैमिनी, आधारभूत पाठ्यक्रम (६-८) २०८१** तयार गरिएको हो । प्रस्तुत पाठ्यक्रमले बालबालिकालाई नगरक्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सोसम्बन्धी ज्ञान तथा सिपसमेत हासिल गराउने छ । पाठ्यक्रमले हाम्रो स्थानीयतामा उपलब्ध परम्परागत पेसा व्यवसाय र स्थानीय प्रविधि तथा परम्परागत सामग्रीलाई समेत संरक्षण संवर्धन र विकास गर्ने उद्देश्यलाई अङ्गीकार गर्दै स्थानीय स्थानमा आधारित शिक्षाको सिद्धान्त, सामाजिक पुर्नसंरचनावादी सिकाइ सिद्धान्त र आवश्यकताको सिद्धान्तलाई आत्मसात् गरेको छ । बालबालिकाहरूमा स्थानीय कला संस्कृति, जातीय पहिचान र सामाजिक संस्कार तथा कुसंस्कारको परिचय दिई हरेक व्यक्तिमा युग र समाज सुहाउँदो असल आचरणसमेत विकास गरी असल एवम् सक्षम नागरिक बन्न पाठ्यक्रमले सघाउ पुर्‍याउने छ भन्ने विश्वास लिइएको छ ।

**हाम्रो जैमिनी, आधारभूत पाठ्यक्रम (१-५) २०८०** शैक्षिक सत्र २०८० देखि कक्षा १-५ मा कार्यान्वयन भइसकेको अवस्था छ । जैमिनी नगरपालिकाले शै.स २०८१ मा कक्षा (६-८) मा **हाम्रो जैमिनी, आधारभूत पाठ्यक्रम (६-८) २०८१ तयार गरी** लागु गर्न दिएको निर्देशनअनुसार यो पाठ्यक्रम तयार गरी लागु गरिएको हो । पाठ्यक्रम निर्माण तथा प्रकाशनमा सहयोग गर्नुहुने नगरप्रमुख, उपप्रमुखलगायत सम्पूर्ण जनप्रतिनिधि, नगर कार्यपालिकाका सदस्यहरू, नगरक्षेत्रका शिक्षाविद्, समाजसेवी, स्थानीय पाठ्यक्रम निर्माण समिति, बुद्धिजीवी, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, पाठ्यक्रम विज्ञ, विभिन्न विषयगत शाखा कार्यालयका कर्मचारी, कार्यशालामा सहयोग पुर्‍याउने विवाइसी बागलुङ, भिएसओ नेपालअन्तर्गत सिकाइ परियोजना लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छौँ । साथै यस पाठ्यक्रमको पूर्ण कार्यान्वयन र थप परिमार्जनका लागि आवश्यक रचनात्मक सुझावका लागि सबै सरोकारवालामा हार्दिक अनुरोध गर्दछौ ।

**धन्यवाद ।**

**जैमिनी नगरपालिका, कुस्मिसेरा,**
**बागलुङ**

## स्थानीय पाठ्यक्रम : हाम्रो जैमिनी

| | |
|---|---|
| प्रमुख संरक्षक | - श्री नरबहादुर पुन, नगर प्रमुख |
| संरक्षक | - श्री हरिहर शर्मा, नगर उपप्रमुख |
| सल्लाहकार | - श्री हरिबहादुर भुजेल, प्रमुख प्रशासकीय अधिकृत |
| सल्लाहकार | - श्री खेमप्रसाद आचार्य, शिक्षा शाखा प्रमुख |
| सल्लाहकार : | - श्री विष्णुप्रसाद आचार्य, सामाजिक विकास समिति संयोजक |
| ©सर्वाधिकार | - श्री जैमिनी नगरपालिका, बागलुङ । |

## पाठ्यक्रम मस्यौदा लेखन समिति

| | |
|---|---|
| संयोजक | - श्री झपिन्द्रबहादुर क्षेत्री, शिक्षक शान्ति मा.वि. कुस्मिसेरा |
| सदस्य | - श्री यम शर्मा पौडेल, प्र.अ. जनकल्याण मा.वि. छिस्ती |
| .सदस्य | - श्री प्रेमप्रसाद शर्मा, शिक्षक संस्कृत मा.वि. जैदी बेलवगर |
| सदस्य | - श्री नुमकुमारी देवी शर्मा, प्र.अ. जनता मा.वि. पैँयुथन्थाप |
| सदस्य सचिव | - श्री विष्णुप्रसाद शर्मा, प्र.अ. सिद्धिगणेश प्रा.वि. कुस्मिसेरा |

## पाठ्यक्रम मस्यौदामा सुझाव प्रदान गर्ने जैमिनी नगर कार्यपालिका

| | | |
|---|---|---|
| प्रमुख | जैमिनी १० | नरबहादुर पुन |
| उपप्रमुख | जैमिनी ७ | हरिहर शर्मा |
| वडा अध्यक्ष | जैमिनी १ | विष्णुप्रसाद आचार्य |
| वडा अध्यक्ष | जैमिनी २ | प्रेम सापकोटा |
| वडा अध्यक्ष | जैमिनी ३ | कृष्णबहादुर भुजेल |
| वडा अध्यक्ष | जैमिनी ४ | चक्रबहादुर थापा |
| वडा अध्यक्ष | जैमिनी ५ | ठगबहादुर क्षेत्री थापा |
| वडा अध्यक्ष | जैमिनी ६ | कृष्णबहादुर थापा |
| वडा अध्यक्ष | जैमिनी ७ | केन्द्रबहादुर सुनार |
| वडा अध्यक्ष | जैमिनी ८ | विमल श्रीस राना |

| | | |
|---|---|---|
| वडा अध्यक्ष | जैमिनी ९ | सन्दीप थापा |
| वडा अध्यक्ष | जैमिनी १० | श्रीप्रसाद थापा |
| कार्यपालिका सदस्य | जैमिनी २ | चिन्तामणि दर्जी |
| कार्यपालिका सदस्य | जैमिनी ९ | लालबहादुर परियार |
| कार्यपालिका सदस्य | जैमिनी ५ | भरत वि. क. |
| कार्यपालिका सदस्य | जैमिनी ५ | गिताकुमारी वि. क. |
| कार्यपालिका सदस्य | जैमिनी २ | भगवती शर्मा सापकोटा |
| कार्यपालिका सदस्य | जैमिनी ६ | शान्ति सुनार |
| कार्यपालिका सदस्य | जैमिनी ६ | दुर्गादेवी पाध्या |
| कार्यपालिका सदस्य | जैमिनी ९ | शान्तकला शर्मा |
| सचिव | प्रमुख प्रशासकीय अधिकृत | हरिबहादुर भुजेल |

जैमिनी नगरपालिकामा कार्यरत माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू

## विज्ञ सहयोग

श्री नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, तिलोत्तमा ३,  रूपन्देही

# विषयसूची

## पहिलो : परिच्छेद

## परिचय

१.१ जैमिनी नगरपालिकाको परिचय
१.२ पाठ्यक्रमको परिचय
१.३ स्थानीय पाठ्यक्रम
१.४ स्थानीय पाठ्यक्रमको निर्माण प्रक्रिया
१.५ स्थानीय पाठ्यक्रमको आवश्यकता र औचित्य

## दोस्रो : परिच्छेद

## विषयक्षेत्र र विषयवस्तुको विस्तृतीकरण

२.१ स्थानीय पाठ्यक्रमको ढाँचा र विषयक्षेत्र
२.२ तहगत सक्षमता
२.३ सिकाइ उपलब्धि
२.४ विषयवस्तुको विस्तृतीकरण

## तेस्रो : परिच्छेद

## प्रक्रिया, विधि र मूल्याङ्कन

३.१ स्थानीय पाठ्यक्रम विकास एवम् कार्यान्वयनमा विभिन्न निकायको भूमिका
३.२ सिकाइ सहजीकरण क्रियाकलाप
३.३ कक्षा १ देखि ३ सम्मका लागि सिकाइ सहजीकरण विधि र प्रक्रिया
३.४ कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया
३.५ विद्यार्थी मूल्याङ्कन प्रक्रिया
३.६ पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया
३.७ समय निर्धारण
३.८ पाठ्यक्रम परिमार्जन

## पहिलो : परिच्छेद

# परिचय

### १.१ पृष्ठभूमि

शिक्षा प्रणाली सामाजिक व्यवस्थाको उपज हो । शिक्षाले समाजलाई निर्देशित गर्छ । शिक्षा यस्तो विषय हो जसले आफू बदलिँदै अरूलाई प्रभावित पार्छ । तसर्थ शिक्षाले आफ्नो प्रणालीअनुसार समाजको परिवर्तन र विकासमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । त्यसैले भनिन्छ "जस्तो शिक्षा त्यस्तै समाज जस्तो समाज त्यस्तै शिक्षा ।" तसर्थ शिक्षा प्रणाली समय सन्दर्भ र राष्ट्रिय परिवेशका आधारमा आवश्यक जनशक्ति उत्पादन गर्न राष्ट्रले अँगालेको शैक्षिक गतिविधि हो । अतः शिक्षा र त्यसले राखेका राष्ट्रिय उद्देश्यअनुरूपको शैक्षिक गतिविधिलाई अगाडि बढाउन पाठ्यक्रम अपरिहार्य हुन्छ । पाठ्यक्रम भनेको शैक्षिक संस्थाद्वारा शैक्षिक उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने विस्तृत योजना र कार्यक्रमको दार्शनिक दस्तावेज हो, जुन आफैँमा वैज्ञानिक र व्यवस्थित हुन्छ नै जसले विद्यार्थीको सर्वाङ्गीण विकास गराउँछ । यसरी हेर्दा विद्यालयभित्र वा बाहिर निश्चित लक्ष्य र उद्देश्य प्राप्तिका लागि विशिष्ट उद्देश्य, सम्भावित शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन समेटिएको शिक्षण सिकाइको विस्तृत मुख्य बाटो वा कार्यक्रम नै पाठ्यक्रम हो ।

शिक्षा गतिशील हुन्छ, यसले समाजको आवश्यकता राज्यले अङ्गीकार गरेको विशिष्ट राजनीतिक सोचको प्रतिविम्बन पाठ्यक्रममा मुखरित हुने गर्छ । नेपालको संविधान २०७२ को अनुसूची ८ ले आधारभूत र माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरिसकेको छ । संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु सबै स्थानीय तहको कर्तव्य हो । नेपालमा औपचारिकरूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरेअनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो तथापि उक्त व्यवस्था पूर्णरूपमा कार्यान्वय हुन सकेन । त्यसैगरी आधारभूत शिक्षा पाठ्यक्रम २०६९ (कक्षा ६-८) ले स्थानीय पाठ्यक्रमका सम्बन्धमा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय भनी समावेश गऱ्यो तर पनि यसबाट अपेक्षाअनुरूपको उद्देश्य पूरा हुन सकेन । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७१ ले पनि स्थानीय पाठ्यक्रमका बारेमा आधारभूत तहमा २० प्रतिशत १०० पूर्णाङ्कको स्थानीय भाषा वा विषय राख्न पाउने व्यवस्था गऱ्यो भने राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ ले उक्त कार्यलाई थप परिमार्जन गरी स्थानीय तहले विद्यालय तहमा १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्न पाउने व्यवस्था गऱ्यो । उक्त प्रारूपले स्थानीय पाठ्यक्रमको सम्बन्धमा कक्षा १-३ सम्म साप्ताहिक ५ पाठ्यभार र वार्षिक रूपमा १६० घण्टी र कक्षा ४-८ को लागि साप्ताहिक ४ कार्यघण्टा र वार्षिक कार्य घण्टा १२८ निर्धारण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । नेपाल सरकार, शिक्षा,

विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित) २०७६ ले स्थानीय पाठ्यक्रमको सन्दर्भ, अवधारणा, पाठ्यक्रम विकास, कार्यान्वयन प्रक्रिया, स्थानीय पाठ्यक्रमको ढाँचालगायतका बारेमा स्पष्ट मार्गदर्शन गरेको छ । स्थानीय पाठ्यक्रमसम्बन्धी स्रोत सामग्री, २०६६ ले "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।" भनी परिभाषित गरेको छ । उपर्युक्त सन्दर्भ र कथनलाई आत्मसात् गर्दै भन्न सकिन्छ कि स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता सक्रियतामा यथाशक्य कम लागतमा तयार गरिने पाठ्यक्रम हो ।

स्थानीय पाठ्यक्रम २०८०/८१ ले जैमिनी नगरपालिका क्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने छ । यस पाठ्यक्रमले आवश्यकतावाद, मानवतावाद, प्रयोजनवाद र सामाजिक पुर्नसंरचनावादी दर्शनलाई आत्मसात् गर्दै स्थानमा आधारित आवश्यकताको सिद्धान्तलाई अवलम्बन गरेको छ । पाठ्यक्रमबाट विद्यार्थीको सम्भावित विकासको क्षेत्र र क्षमतालाई ध्यान दिँदै सहयोगात्मक सिकाइ सिद्धान्त, र बहुआयामिक सिकाइ सिद्धान्तको प्रयोग गर्दै दिगो विकासमा योगदान दिन सक्ने अपेक्षा गरिएको छ । आधारभूत तहको कक्षा १-८ मा अध्ययनरत बालबालिकाहरूले औपचारिक रूपमा आफ्नो गाउँ, समाज, भूगोलको वस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन् र यहाँ प्रचलित भाषा, संस्कृति, ऐतिहासिक र धार्मिक महत्वका स्थलहरू, प्राकृतिक सम्पदा तथा यसको संरक्षण एवम् संवर्द्धन गर्दै सम्भावित स्थानीय प्राकृतिक विपत्तिका बारेमा समेत पहिचान गर्ने छन् । स्थानीय क्षेत्रमा प्रचलित पेसाव्यवसाय र आर्थिक क्रियाकलापको औपचारिक जानकारी प्राप्त गर्ने छन् । यस पाठ्यक्रमले वातावरण संरक्षण तथा सुधारका निम्ति सहयोग गर्न प्रेरित गर्ने छ । पाठ्यक्रमबाट बालबालिकाले सामाजिक मूल्यमान्यताको पालना गर्दै असल सामाजिक व्यवहारको अनुसरण गर्ने र बदलिँदो परिवेशसँग आफूलाई परिचित गराई सूचना र सञ्चारका क्षेत्रमा समेत थप विकास गर्ने छन् भन्ने अपेक्षा गरिएको छ ।

जैमिनी नगरपालिका गण्डकी प्रदेशअन्तर्गत बागलुङ जिल्लाको दक्षिण भागमा अवस्थित एक नगरपालिका हो । दोस्रो ऐतिहासिक जनआन्दोलनको सफलतापछि नेपालमा भएको राजनीतिक परिवर्तनसँगै मूलतः सङ्घीय संरचनाको निर्माणका क्रममा यो नगरपालिका वि.सं २०७३ फागुन २७ गते नेपाल सरकारको राजपत्रमा सूचना प्रकाशित भएपछि विधिवत्रूपमा स्थापना भएको हो । वेदव्यास पुत्र जैमिनी ऋषि पूर्वीय मीमांशा दर्शनका आविष्कारक ऋषि हुन । उनले योगसाधना र तपस्या गरेको पुण्यभूमि जैमिनीघाट धाम (ज्यामिरे घाट) हो । पूर्वीय दर्शनमा मीमांशा दर्शनको चर्चा हुँदा जैमिनि ऋषि र जैमिनीघाटको महत्वपूर्ण स्थान रहेको देखिन्छ । यसकारणले जैमिनी नगरपालिका पनि उनै महाज्ञानी ऋषि जैमिनिको नामबाट नामकरण गरिएको हो । विश्वप्रसिद्ध भगवान् शालिग्राम पाइने एक मात्र नदी काली गण्डकीको तिरमा अवस्थित यस नगरपालिका

हिन्दु धर्म मान्नेहरूका लागि पवित्र तीर्थस्थलसमेत हो । नगरपालिकाको केन्द्र कुस्मिसेरा बजारमा रहेको यस नगरपालिकाको पूर्वमा पवित्र कालीगण्डकी नदी, पश्चिममा बरेङ गाउँपालिका र गल्कोट नगरपालिका, उत्तरमा बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका र गल्कोट नगरपालिका, दक्षिणमा गुल्मी जिल्लाको कालीगण्डकी गाउँपालिका रहेका छन् । बागलुङ जिल्लाको मध्य भागमा पर्ने यस नगरपालिकामा समेत पर्ने गरी निर्माण भएको कालीगण्डकी कोरिडोर सडकले भारत र चिनसँग जोड्ने काम गरेकाले यसको अझै महत्व बढ्दै गएको छ । जैमिनी नगरपालिका कुस्मिसेरा, दमेक, सर्कुवा, बिनामारे, अर्जेवा, जैदी, छिस्ती, पैयुँथन्थाप र राङखानी साविकका ९ गाविस मिलेर बनेको हो । साविकका गाउँ विकास समितिलाई एक/एक वडाको मान्यता दिई बनेको यस नगरपालिकाले दमेकलाई विभाजन गरी तल्लो दमेकलाई २, उपल्लो दमेकलाई ३ नम्बर वडा नामकरण गर्दै अन्य साविकका गाउँ विकास समितिलाई एक/एक ओटा वडामा विभाजन गरेर १० ओटा वडा संरचनामा संरचित गरेको छ । नेपाल सरकारले ल्याएको खुल्ला दिसामुक्त गाविस घोषणाको कार्यक्रमअनुसार नेपालकै पहिलो खुल्ला दिसामुक्त गाविस साविकको अर्जेवा यस नगरपालिकाको हाल वडा न. ६ हो । राष्ट्रिय जनगणना २०७८ अनुसार कुल ६,५,५५ घरधुरी रहेका र कुल जनसङ्ख्या २४,७८४ रहेको । यस नगरपालिका ११८.७१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

जैमिनी नगरपालिका विभिन्न जातजातिगत विविधता भएको नगरपालिका हो । यस नगरपालिकामा ब्राह्मण, क्षेत्री, ठकुरी, दशनामी (गिरी, पुरी, सन्यासी आदि) जस्ता जाति र मगर, गुरुङ, छन्त्याल जस्ता जनजातिह, दमाई, कामी, सार्की, गन्धर्व जस्ता दलित समुदाय, चेपाङ, भुजेल, बहिक जस्ता अल्पसङ्ख्यक जनजाति साथै मुस्लिमसमेत धार्मिक अल्पसङ्ख्यक जाति, जनजाति र समुदायको मिश्रित बसोबास रहेको छ । विभिन्न जातजातिको बसोबास रहेको यस नगरपालिकामा सङ्ख्यात्मक दृष्टिले हेर्दा ब्राह्मण, क्षेत्री र मगर जातिको बाहुल्य देखिन्छ । भाषाका दृष्टिले कतिपय जनजातिका केही वक्ता आफ्नो मातृभाषा बोल्ने गरेको भेटिए पनि मुख्य भाषाका रूपमा नेपाली भाषालाई नै मातृभाषा र माध्यम भाषाका रूपमा प्रयोग गरेको पाइन्छ । जिल्ला सदरमुकामदेखि झन्डै २५ किलोमिटर दक्षिणमा रहेको यस स्थानमा बाहुन, क्षेत्री, मगर र दलित समुदायका धेरैजसो मानिसको प्रमुख पेसा कृषि, पशुपालन र वैदेशिक रोजगार भएको र नगरपालिकाको साक्षरता प्रतिशत बढी भए पनि धेरैजसो युवा विदेशमा पैसा कमाउन जाने भएकाले उच्च शिक्षा अध्ययन गर्नेहरूको सङ्ख्यामा कमी देखिएको छ ।

### १.२ प्राकृतिक सम्पदा

जैमिनी नगरपालिकाको महत्त्वपूर्ण प्राकृतिक सम्पदामा कालीगण्डकी नदी, ठेउले खोला, टिमुर खोला, काभ्रे खोला, जुम्लीखोला, चौँरीखोला, कालुङ खोला, पालुङ खोला, बयली खोला आदि खोला र गाजाको दह जस्ता जल सम्पदा र जैमिनी वडा न. २, ६, ९ र १० मा पाइने स्लेट ढुङ्गाको खानी वडा न. २, ३ र १०

मा तामा खानीको सम्भाव्यता रहेको छ । साथै सबै वडामा रहेको वन सम्पदा यस नगरपालिकाका मुख्य प्राकृतिक सम्पदा हुन् । वन सम्पदाभित्र पाइने वन पैदावारका वस्तु : बरुवा, अल्लो आदि र जङ्गली जनावरमा : बाघ, भालु, चितुवा, घोरल, चित्तल, वनमान्छे र रतुवा मृग आदि मुख्य रहेका छन् । पक्षीहरूमा दुर्लभ मानिएका : चरीबाघ, काँडे भ्याकुर, कालिज, लामपुच्छ्रे चरा, मालुवा, तित्रा आदि पनि यहाँ रहेका छन् । नगरभित्र खनिज सम्पदाहरूमा जैमिनी २, ३, ८ र १० मा सिसाखानी र तामाखानी रहेको अनुमान भए पनि यसको अनुसन्धान हुन बाँकी रहेको छ । साथै यस नगरका विभिन्न वार्डमा रहेका वनपाखामा पाइने मूलतः वार्ड नं २, ३, ८, ९, र १० क्षेत्रका विभिन्न जडीबुटी : हर्रो, बर्रो, अमला, तुलसी, गुजर गानो, टिमुर, बोझो, सिल्टिमुर, पिपल, घोडटाप्रे, अबिजाले, पुदिना, गुर्जो, मुलापाते, आदि र यहाँका वनमा पाइने मूल्यवान् फल र जडीबुटीमा : थकाइलो, असुरो, भकिम्लो, भलाहा, मलाहा, ऐँसेलु, चुत्रो, मान्त्रे चुत्रो, घँयरी, गुयली, काफल, पाखनबेत, पाँचऔँले, कालीकुट विष, सतुवा, पहेँले, विषमारी, भुतकेस, जटामसी आदि सम्पदा नै नगरका मुख्य प्राकृतिक वैभव, वनमा पाइने फल र जडीबुटी हुन् ।

### १.३ महत्त्वपूर्ण उत्पादन :

नगरपालिकाको मूख्य उत्पादनमा कृषिक्षेत्रको उत्पादन हो । यहाँ उत्पादन हुने कृषि उपजमा धान, मकै, गहुँ, तोरी, मास, भटमास, कोदो, फर्सी, मुला, साग, घिरौँला, आलु, प्याज, लसुन, काउली, गोलभेँडा, सिमी, बन्दा, सुन्तला, केरा, कागती, लप्सी, निबुवा, पलम/खुरपानी, अम्बा, नासपती पर्छन् । पछिल्लो समयमा नगरपालिकाबाट विभिन्न वडालाई फलफूल र कृषि पकेट क्षेत्र घोषणा गरेर उत्पादन गर्न थालेको छ । नगरभित्र विभिन्न फाराममा पशुपक्षी पालनअन्तर्गत गाइभैँसी र बाखा पालन तथा कुखुरा पालन, बङ्गुर पालन, बट्टाई पालन, मौरी पालन, टर्की पालन र मत्स्य पालनसमेत गरिएको छ । यहाँका अधिकांश गाउँघरमा गाईभैँसी पाल्ने चलन छ र हाम्रै जैमिनी नगरपालिकाको वडा न. १० मा बङ्गुर पालन गरिएको छ ।

### १.४ धार्मिक तथा पर्यटकीय स्थल सम्पदाहरू :

हाम्रो जैमिनी नगरपालिकामा विभिन्न किसिमका धार्मिक तथा पर्यटकीय स्थल रहेका छन् । यी हाम्रा जैमिनि ऋषि शिव मन्दिर, माइका थान, कमलजैसी मन्दिर, जैमिनी घाट धाम, शङ्ख शिला, शिवपुरी मन्दिर, राधाकृष्ण मन्दिर, गाइथुने घाट, हात्ती ढुङ्गा गणेश मन्दिर, बराजुको थान, अर्जेवाको चोखेक देवीको मन्दिर, पञ्चदेवल, गाजाको दह, हाँडीकोट धुरी, रिट्ठे डाँडा, ब्याडथलाको धुरी आदि प्रसिद्ध पर्यटकीय प्राकृतिक स्थल र विभिन्न जातजातिका कुलदेवताका मन्दिर नगरका धार्मिक तथा पर्यटकीय स्थल हुन् । नगरका सहर उन्मुख बजारका रूपमा कुस्मिसेरा बजार पर्छ भने बजार बन्न लायक स्थानमा जैमिनी ९ र १० मा अवस्थित रुम्टा, बेलबगर, ठेउले ,जाडी, ब्याडथला, सतीढुङ्गा, नाम्दुक, डाँडाखानी, देउराली, छिस्तीको धुस आदि रहेका छन् ।

### १.५ सडक यातायात :

बागलुङ - कुस्मिसेरा - छिस्ती कृषि सडक, कालीगण्डकी कोरिडोर, जैमिनी घाट - कुस्मिसेरा-सुन्तलाचौर - गाजाको दह - मध्य पहाडी लोकमार्ग सडक, कुस्मिसेरा बरेङ,- दमेक, पैयुँथन्थाप राङखानी सडक, कुस्मिसेरा - जैदी, कुस्मिसेरा बिनामारे अर्जेवा जैदी छिस्ती, जैमिनीघाट कुस्मिसेरा फेदी रायडाँडा बा.न.पा.सडक, जस्ता महत्वपूर्ण कच्ची सडक र राष्ट्रिय गौरवका आयोजना तथा प्रदेश स्तरका सडक आयोजनाबाट निर्माण भएका मुख्य सडक संरचनाले यस नगरपालिकालाई सडक संरचनामा सुगम तुल्याउने आशा गर्न थालिएको छ । नगर सदरमुकाममलाई जोड्ने सबैजसो वडामा शाखा बाटाहरू निर्माण भएको अवस्थाले नगर मुकाममा आवतजावत गर्न सहज बन्दै गएको छ ।

### १.६ शैक्षिक स्थिति :

बागलुङ जिल्लाको सङ्घीय निर्वाचन क्षेत्र न. १ मा पर्ने जैमिनी नगरपालिका भौगोलिक दृष्टिले ग्रामीण क्षेत्र हो । नगरपालिकालाई केन्द्रमा राखेर यहाँसम्म पक्की सडक बन्ने प्रकियाको थालनी भएको छ । नगरपालिकाको शैक्षिक स्थितिलाई हेर्दा यहाँ उच्च शैक्षिक संस्थाको रूपमा शान्तिदीप बहुमुखी क्याम्पस रहेको छ भने १० ओटा सामुदायिक विद्यालयमा (कक्षा १-१२) सञ्चालन भएको छ। यहाँका ७ ओटा सामुदायिक र एउटा संस्थागत विद्यालयमा कक्षा १ देखि १० सम्म सञ्चालन भएको छ। यहाँ जम्मा १८ ओटा माध्यमिक विद्यालय रहेका छन् । त्यसैगरी कक्षा १-८ सञ्चालित सामुदायिक विद्यालय ६ ओटा, साथै १-३ र १-५ कक्षा सञ्चालन भएका सामुदायिक विद्यालय ५७ रहेका छन् । यहाँ ७० ओटा बालविकास केन्द्र र ५ ओटा सामुदायिक सिकाइ केन्द्र रहेका छन् । जैमिनी नगरपालिकाको कुल साक्षरता दर ७८.८ प्रतिशत रहेको छ। यसमा महिला साक्षरता दर ७२.१ र पुरुष साक्षरता दर ८७.१ रहेको छ । २०८० सालको शैक्षिक तथ्याङ्क अनुसार बालविकासमा अध्ययन गर्ने बालबालिका ५९५, प्राथमिक तहमा सामुदायिक तर्फ २३६७ संस्थागत तर्फ १०१ गरी जम्मा २४६८, आधारभूत कक्षा ६-८ मा सामुदायिक तर्फ १३१२, संस्थागत तर्फ ३९ गरी १३५१ माध्यमिक तह तर्फ सामुदायिक ८१५ र संस्थागत तर्फ १२ गरी जम्मा ८२७ जना र उच्च माध्यमिक तहतर्फ सामुदायिक बिद्यालयमा ५५८ विद्यार्थी अध्ययनरत रहेका छन् । यस नगरपालिकामा प्राथमिक तहका २३४, नि.मा.वि तह ७८, मा.वि तह ६९ जना र उच्च माध्यमिक तहमा २२ जना शिक्षक कार्यरत छन् (शैक्षिक तथ्याङ्क २०८०) ।

## २. स्थानीय पाठ्यक्रम निर्माण प्रकिया

संविधानद्वारा प्रदत्त अधिकारका आधारमा शिक्षाले स्थानीय सरोकारवालासँग सहकार्य गर्दै उनीहरूकै चाहना र सहभागितामा स्थानीय पुरातात्विक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थलहरू

तथा सेरोफेरोमा महत्वपूर्ण स्थल एवम् वस्तुहरूको जानकारीबिना शिक्षा अधुरो रहने यथार्थलाई आत्मसात् गरेर जैमिनी नगरपालिकाले आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माणको निम्ति एउटा स्थानीय पाठ्यक्रम निर्माण समितिको पुर्नगठन गरी मिति २०७९/०२/२३ मा यस समितिलाई जिम्मेवारी सुम्पिएको हो । नगरपालिकाले स्थानीय स्तरका शिक्षाविद्, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधि, नगरपालिकाका सदस्य, पाठ्यक्रमविद्लगायतका सरोकारवालासँग छलफल, अन्तरक्रिया तथा कार्यशाला र बैठकसमेतको आयोजना गऱ्यो । कार्यशाला बैठक र अन्तरक्रियामा सहभागी विभिन्न व्यक्तित्व, एवम् सरोकारवालाबाट अमूल्य सुझाव प्राप्त गरी प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा जैमिनी नगरपालिकाको परिचय, प्राकृतिक स्रोत र सम्पदा, संस्कार र संस्कृति, पर्यटन, पेसा, प्रविधि र आय आर्जनका श्रोत, कृषि, पशुपक्षी पालन, शिक्षा, स्वास्थ्य, खेलकुद, दैवी प्रकोप, पर्यावरण र जडीबुटी, व्यक्ति र संस्थालगायतका विषय क्षेत्रलाई समेटेर कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गर्ने गरी पाठ्यक्रमका विशेष क्षेत्र निर्धारण गरेको छ । वर्तमान अवस्थामा पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८० देखि कक्षा १-५ सम्म लागु गर्ने र शैक्षिक सत्र २०८१ देखि कक्षा ६-८ मा लागु गर्ने पाठ्यक्रम निर्माण समिति र जैमिनी नगर कार्यपालिकाको निर्णय भएअनुरूप पहिलो चरणमा आधारभूत तह कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण गरी लागुसमेत गरिएको र नगरपालिकाले कक्षा १-५ को पाठ्यक्रम निर्माण समितिलाई आधारभूत तह कक्षा (६-८) को पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी दिएपछि **हाम्रो जैमिनी स्थानीय पाठ्यक्रम (६-८) २०८१** तयार गरिएको हो । शैक्षिक सत्र २०८१ मा लागु गर्ने गरी तयार पारिएको यस पाठ्यक्रममा निम्नानुसारका विशेषताहरू अवलम्बन गरिएको छ ।

- केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताका आधारमा वर्तमान अवस्थामा प्रयोगमा ल्याइएका आधारभूत तहका सामाजिक र नेपाली विषयका पाठ्यक्रमको सत्यापन (verification) गरी स्थानीय आवश्यकताअनुसार विषयवस्तु छनोट गरी तहगत र कक्षागत सक्षमता निर्धारण गरिएको छ ।
- धार्मिक सांस्कृतिक विविधताभित्रको एकता जैमिनी नगरपालिकाको सौन्दर्य र सम्भावनालाई प्राथमिकतामा दिइएको छ ।
- जैमिनी नगरपालिकाको सेरोफेरो र यस आसपासका क्षेत्र पर्यटकीय आकर्षक केन्द्रको रूपमा रहे तापनि उचित प्रसारप्रसारको अभावमा ओझेलमा परेको हुँदा गाजाको दह, हाँडीकोटको धुरी, रिट्ठे डाँडा, माइका थान मन्दिर, गाइथुने धाम, गणेश मन्दिर, जैमिनी धाम, कमल जैसी मन्दिर, पुराना गाउँ र शिवपुरी मन्दिर, जैमिनी धाम जस्ता धार्मिक पर्यटकीय स्थानलाई पाठ्यक्रममा महत्वपूर्ण स्थान दिइएको छ ।

❖ हाम्रो संस्कृति र सभ्यता तथा जनताका आस्थाको रूपमा रहेका विभिन्न सामाजिक मूल्य मान्यतालाई पाठ्यकमले स्तम्भको रूपमा ग्रहण गरेको छ ।

❖ जैमिनी नगरभित्रको कृषि, पशुपक्षी पालन सिप र व्यवसाय र उद्यमशीलतालाई प्रयोगात्मक कार्य गर्न सक्ने सक्षमतालाई समेत पाठ्यकमले महत्त्वका साथ स्थान दिएको छ ।

❖ जैमिनी नगरका मौलिक कला संस्कृतिको जगेर्ना गर्ने कार्यलाई महत्व दिई कलाको नाममा हुने विकृति र सामाजिक समस्यालाई न्यूनीकरण गर्ने विभिन्न उपाय र लैंगिक सामाजिक समावेशीकरणको विषयवस्तुलाई पाठ्यकमले प्राथमिकताका साथ उठाएको छ ।

❖ योग र आयुर्वेद उपचार पद्धतिको महत्वलाई ध्यान दिई मानव स्वास्थ्यका निम्ति अनिवार्य आवश्यकता बन्न पुगेको आजको सन्दर्भमा पाठ्यक्रममा समावेश गरी स्थानीय खेलकुदको पहिचान, संरक्षण र संवर्धन गर्ने प्रयत्न गरिएको छ ।

❖ बदलिएको युगअनुसारको विज्ञान प्रविधि, सूचना र सञ्चारलाई ख्याल गर्दै स्थानीय सूचना र प्रविधिलाई पनि पाठ्यकमले समेट्ने प्रयास गरेको छ ।

❖ जलवायु परिवर्तनका कारण देखा पर्दै गएको अनावृष्टि अतिवृष्टिका कारणको परिचय गराई प्राकृतिक र कृत्रिम विपद्लाई न्यूनीकरण उपायलाई पाठ्यकममा समावेश गरेको छ ।

समष्टिगतरूपमा जैमिनी नगरपालिकाअन्तर्गतका विद्यालयबाट आधारभूत तह उत्तीर्ण विद्यार्थीले आन्तरिक वा बाहृय पर्यटकलाई मार्गदर्शन गर्न सक्ने, नगरभित्रका हाम्रा सिप, पेसा व्यवसाय, आय आर्जनका श्रोत पहिचान गरी आत्मनिर्भर हुन सक्ने, हाम्रा मौलिक कला संस्कृतिको पहिचान गर्नुका साथै आवश्यकताअनुसार प्रयोगात्मक कार्य गर्नसक्ने व्यक्तिका रूपमा आफूलाई विकास गरी सूचना प्रविधिको जानकारी राख्दै जलवायु परिवर्तन र यसको असरबारे सामान्य परिचय दिन सक्ने कक्षा १-५ का विद्यार्थीको ज्ञानको क्षितिजलाई विकसित र परिमार्जन गर्दै आवश्यक स्थानमा प्रयोगसमेत गरेर देखाउन सक्ने जनशक्ति उत्पादन गर्ने र कृषि उत्पादनमा समेत भागलिन सक्ने जनशक्ति तयार होस् भन्ने अपेक्षा यस पाठ्यकमले गरेको छ । पाठ्यकम निर्माण कार्य प्राज्ञिक मात्र नभएर प्राविधिक पनि हो, त्यसैले यो पाठ्यकम निर्माण गर्दा निम्न प्रकिया अपनाइएको छ :

❖ जैमिनी नगरभित्र र यसअन्तर्गतका विषयवस्तुको आवश्यकता पहिचान तथा प्राथमिकीकरणको एक कार्यशालाको आयोजना गरी जनप्रतिनिधि, समाजसेवी, बुद्धिजिवी, विव्यस अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, धार्मिक सांस्कृतिक सङ्घसंस्थाका प्रतिनिधिहरूसँग अन्तरकिया र छलफल गरी प्राथमिकीकरण गरिएका विषयवस्तुलाई पाठ्यवस्तुको रूपमा निरन्तरता दिँदै प्रयोगात्मक ढङ्गले प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

❖ विभिन्न ठाँउको अध्ययन भ्रमण अन्तरक्रिया भेटघाट छलफलबाट प्राप्त जानकारीलाई भरपुर उपयोग गरिएको छ ।

- ❖ पाठ्यक्रम बालमनोविज्ञानमा आधारित हुन्छ भन्ने मान्यताका आधारमा तयार गर्ने प्रयास गरिएको छ ।
- ❖ पाठ्यक्रमले  कक्षा (६-८) तहगत सक्षमता र विषयगत सक्षमतालाई अलग अलगरूपमा प्रस्तुत गरेको छ ।
- ❖ बालबालिकाको उमेर कक्षा र तहगत रूपमा सिकाइस्तर फरक हुने हुँदा सो कुरा ख्याल गरी यसलाई तयार गर्ने प्रयास गरिएको छ ।
- ❖ विभिन्न बैठक, गोष्ठी, अन्तरक्रिया, र कार्यशाला आदिमा भएका छलफल र अन्तरक्रियाबाट प्राप्त सुझावका आधारमा यस पाठ्यक्रमले निम्न लिखित क्षेत्रलाई आफ्नो मुख्य विषयगतक्षेत्र  बनाएको छ ।

# दोस्रो : परिच्छेद

# विषयक्षेत्र र विषयवस्तुको विस्तृतीकरण

## २.१ स्थानीय पाठ्यक्रमको ढाँचा र विषयक्षेत्र

पाठ्यक्रमको ढाँचामा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन प्रक्रिया, विषयवस्तुको विस्तृतीकरण रहेका छन् । स्थानीय पाठ्यक्रम सामुदायिक र संस्थागत दुवै विद्यालयमा लागु हुने छ । स्थानीय पाठ्यक्रम विकास तथा कार्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ ले स्थानीय पाठ्यक्रमका लागि सम्भाव्य विषय क्षेत्रका लागि राखेको अवधारणा

१. मातृभाषा : स्थानीय सरकारहरूले मातृभाषामा आफ्नै पाठ्यक्रमको विकास गर्न गर्न सक्छन् तर स्थानीय तहबाट स्वीकृत हुनुपर्छ । जहाँ मातृभाषामा आधारित बहुभाषी शिक्षाको अनुसरण गरिएको छैन, त्यहाँ मातृभाषालाइ विषयका रूपमा रूपमा लिन प्रोत्साहित गरिन्छ तर यसका लागि व्यापक व्यापक सहमतिको आवश्यकता पर्छ । स्थानीय पाठ्यक्रमको कुनै पनि अंशलाई अङ्ग्रेजी माध्यमबाट पढाउन वा स्थानीय पाठ्यक्रमका लागि छुट्याइएका समयमा अन्य विषयलाई सिकाउन अनुमति छैन ।

२. सांस्कृतिक, सामाजिक विविधता, इतिहास, सांस्कृतिक सम्पदा आदि, ऐतिहासिक स्थान, स्थानीय समुदायको इतिहास र संस्कृति, धार्मिक क्रियाकलापहरू, समुदायमा बस्ने विभिन्न विभिन्न मानिसहरूका जीवनशैली, स्थानीय नायक/व्यक्तित्वहरू, स्थानीय तहका क्लब/समाजहरू आदि । संस्कृतिका कुन कुन पक्षहरू समावेश गर्ने भनी पहिचान गर्न पूर्ण र सहभागिता महत्वपूर्ण हुन्छ ।

३. भौगोलिक तथा प्राकृतिक स्रोत र दिगो प्रयोग : जस्तैः (भौगोलिक परिदृश्य, हावापानी, मौसम, कृषि तथा बालीनाली, वन, नदी, ताल, पोखरी, जनावर, जडीबुटी, राष्ट्रिय निकुञ्ज आदि)

४. स्थानीय कलाहरू : स्थानीय कलाहरू, जस्तै : (नाच, गीत, परिकार, डोकाडाला, कपडा, सङ्गीत तथा वाद्ययन्त्रहरू गीत तथा वाद्ययन्त्रहरू आदि)

५. स्वास्थ्य तथा सरसफाइ : स्वास्थ्य तथा सरसफाइ (फोहोर व्यवस्थापन, शौचालय, ढल, अस्पताल, स्वास्थ्य केन्द्र, प्राथमिक उपचार, आयुर्वेद, योग, परम्परागत औषधी, जडीबुटी उत्पादन तथा प्रयोग, पोषण)

६. जीविकोपार्जनसँग सम्बन्धित अभ्यासहरू : (स्थानीय तहको कृषिको परिचय, पशुपालन, तरकारी खेती, करेसाबारी, स्थानीय सरकारको संरचना तथा कार्य, उपभोक्ता सचेतना, स्थानीय पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग, स्थानीय उद्योगहरू, स्थानीय बजार, पर्यटन)

७. स्थानीय प्रकोप तथा प्राकृतिक विपत् जोखिम र तिनको व्यवस्थापन : (नेपालमा विभिन्न किसिममा प्राकृतिक विपत्प्रतिको उच्च सङ्कटासन्नता विद्यमान भएका कारणले गर्दा समुदायका यस्ता विशेष जोखिम तथा मुद्दाहरूका बोध गर्न र यिनलाई कसरी न्यूनीकरण गर्ने र प्रतिकार्य गर्ने भन्ने बारेमा स्थानीय पाठ्यक्रममा यी विषयलाई एकीकृत गर्नु उपयुक्त हुन्छ । )

**जैमिनीको सेरोफेरो**

(क) भूबनोट र हावापानी

(ख) भूगोल र अवस्थिति

(ग) प्राकृतिक स्रोतसाधन (खोलानाला, वनजङ्गल, जडीबुटी....)

(घ) जातजाति

(ङ) जनसङ्ख्या

(च) इतिहास र नामकरण

(छ) किंवदन्ती र लोककथन

(ज) ऐतिहासिक घटना र जनश्रुति

(झ) नगरपालिकाभित्रका गतिविधि विकास निर्माणका प्रमुख कार्य

(ञ) नगरपालिकाको राजनीतिक र प्रशासनिक संरचना, सेवाक्षेत्र र कार्य प्रक्रिया

**स्थानीय सम्पदा**

(क) धार्मिक स्थल (मठमन्दिर, गुम्बा, मस्जिद, चर्च)

(ख) लोक संस्कृति (लोककथा, लोकनाच, लोकगीत, लोकबाजा, लोकोक्ति, लोकनाटक)

(ग) सामाजिक संस्कार (जन्मदेखि मृत्य, हरेक जातिका प्रचलन )

(घ) भाषाभाषी, मातृभाषा (संस्कृत, मगर, गुरुङ, बोटे/माझी, भुजेल, गन्धर्व, चेपाङ छन्त्याल)

(ङ) निजी, सामूहिक र सार्वजनिक वस्तु एवम् सम्पत्ति संरक्षण तथा सरसफाइ

(च) चाडपर्व, उत्सव, जात्रा, मेला, महोत्सव (पिङ, स्थानीय व्यापार आदि)

(छ) वेशभूषा (जातीय पहिचान दिने)

(ज) प्राकृतिक सम्पदा र जैविक विविधता (वनजङ्गल, वनस्पति, वन्यजन्तु, घरपालुवा जनावर, चराचर जगत्, खनिजजन्य पदार्थ, झोलुङ्गे पुल)

**जैमिनीको जीवनशैली र उद्यमशीलता**

(क) खाद्य परिकार (निर्माण, सेवन विधि र वैज्ञानिकता)

(ख) अतिथि सत्कार, सामाजिक मूल्यमान्यता र अनुशासन

(ग) पूजा पद्धति, विवाह पद्धति (जातिगत), मितेरी प्रचलन (मित लगाउने चलन)

(घ) चिठीपत्र, शिलालेख, ताम्रपत्र, राजीनामा, तमसुक, भौचर र एटिएम

(ङ) निजी, सामूहिक र सार्वजनिक वस्तु एवम् सम्पत्ति पाटी, पौवा, ठाँटी आदि

(च) घरेलु उद्योग : डोको, नाम्लो, नाङ्लो, काइँयो, दुना, टपरी, बोहोतो, चर्खा, जनै, काठका भाँडा (ढुङ्ग्रो, ठेकी, दाबिलो, धुपौरो, आरी, चौँठी, गौवा, पनिउँ, खुर्पेटो, झिर) आरन, पानीघट्ट, ढिकी, जाँतो, कोल, लोहोरो, सिलौटो, खल, ताइ आदि

(छ) परम्परागत पेसा, सामग्री उत्पादन र बिक्रीवितरण

(झ) स्वनिर्मित सामग्रीको प्रदर्शनी, मेला र उत्कृष्ट सामग्री छनोट

(ञ) व्रत, उपवास र एकान्तवास

(ट) अन्न, फलफूल र तरकारी भण्डारण, प्रशोधनः सुकाएर, कुटेर, भुटेर, पकाएर, खाँदेर र कोल्डस्टोर

(ठ) स्थानीय नापतौल (मानो, पाथी, मुरी, धार्नी, बिसौली, ढेउवा, मुठी, आने )

(ड) औद्योगिक ग्राम

ढ) आय आर्जन

**कृषि तथा पशुपक्षी पालन**

(क) परम्परागत कृषि र आधुनिक कृषि

(ख) तरकारी तथा फलफूल खेती प्रविधि

(ग) नर्सरी व्यवस्थापन (प्रयोगात्मक)

(घ) अन्नबाली र नगदे बालीको अवधारणा, उपादेयता र अभ्यास, रैथाने बाली तथा फलफूल

(ङ) मौरीपालन र मह उत्पादन

(च) पशु तथा पक्षीपालन

(छ) माछापालन

(ज) जडीबुटी

(झ) कृषिमा आधारित कार्यमूलक लघु अनुसन्धान र बजार व्यवस्था

(ञ) हाटबजार

(ट) कृषि तथा पशु बिमा र कृषि सहकारी

**शिक्षा, स्वास्थ्य तथा खेलकुद**

(क) शैक्षिक इतिहास

(ख) विद्यालय (सामुदायिक तथा संस्थागत), क्याम्पस, गुरुकुल, विद्यापीठ, आश्रम

(ग) असल व्यवहार र चरित्र निर्माण, मानवमूल्य शिक्षा)

(घ) स्वास्थ्य केन्द्र महिला स्वास्थ्य, प्रजनन स्वास्थ्यका अभ्यास

(ङ) दीर्घ तथा सर्ने र नसर्ने रोग

(च) सरसफाइ

(छ) निरोगिताका लागि गरिने परम्परागत उपचार पद्धति

(ज) आयुर्वेद उपचार, जडीबुटी पहिचान, प्रशोधन र प्रयोग

(झ) योग, प्रणायाम, ध्यान र मानसिक स्वास्थ्य

(ञ) स्थानीय परम्परागत खेलकुद (डन्डीबियो, कपर्दी, भालेजुधाइ, गट्टा, राज्य, रुमाल लुकाइ, तारा खेल, बाघ चाल, मेच घुमाइ, रस्साकस्सी)

(ट) स्वास्थ्य बिमा

**पर्यटन**

(क) क्षेत्र पहिचान : गुफा, खोला, नदी, ताल, पोखरी र दह

(ख) फूलबारी, पार्क र बालउद्यान

(ग) पदमार्ग

(घ) हरित विद्यालय र अन्तरविद्यालय शैक्षिक भ्रमण

(ङ) दृश्यावलोकन (हिमाल, सूर्योदय, सूर्यास्त, पार्क र भ्यु टावर)

(च) प्याराग्लाइडिङ स्थल

(छ) होमस्टे

(ज) सांस्कृतिक ग्राम र सङ्ग्रहालय

(झ) जङ्गल सफारी र साइकल मार्ग

(ञ) होटल, रिसोर्ट र क्याम्प फायर

(ट) साहसिक खेल (बन्जी जम्प, क्यानोनिङ, रक क्लाइम्बिङ)

(ठ) धार्मिक पर्यटन

**विपद, समाजिक समस्या र सुरक्षा**

(क) स्थानीय तहमा हुने विपद् र यसको व्यवस्थापन (भूकम्प, बाढी, पहिरो, डुबान, हुरी, चट्याङ, आगलागी र डढेलो)

(ख) स्थानीय तहका सामाजिक समस्या र समाधानका मौलिक अभ्यास

(ग) लोपोन्मुख वस्तु र क्षेत्र पहिचान र त्यसको संरक्षण

(घ) ट्राफिक शिक्षा

(ङ) विद्युतीय उपकरणहरूको प्रयोग

(च) जीवनोपयोगी सिप

(छ) लैंगिक तथा सामाजिक समावेशीकरण

(ज) स्थानीय व्यक्तित्व पहिचान र असल कार्यको अनुसरण (जीवनी)

**सूचना र प्रविधि**

(क) परम्परागत सूचना प्रविधिः  कटुवाल प्रथा, घोक प्रथा, झ्याली पिटाइ, दमाहा बजाइ, बन्दुक पड्काइ, सुपारी पढाउने, सन्देश बहाक खटाउने, कर्नाल फुक्ने,

(ख) आधुनिक सूचना प्रविधि : मुद्रित, सामग्री, चिठी, पत्रपत्रिका, सूचना, आकाशवाणी आदि

(ग) विद्युतीय सूचना प्रविधि : रेडियो, टेलिभिजन, कम्प्युटर, इन्टरनेट, सामाजिक सञ्जाल

(घ) डिजिटल साक्षरता, साइबर शिक्षा, मोबाइलको प्रयोग, कम्प्युटरको प्रयोग

(ङ) सिकाइ र सहजताका लागि सूचना प्रविधिको उपयोगिता

**नैतिक मूल्य मान्यता र सदाचार**

(क) आचरण

(ख) बानी

(ग) सहयोग र सद्भाव

(घ) ज्येष्ठ नागरिक सम्मान आदि नैतिकतासम्बन्धी

पाठ्यक्रम निर्माण र परिमार्जन निरन्तररूपमा चलिरहने प्रक्रिया हो । समय सन्दर्भअनुसार यसलाई अझ बढी प्रभावकारी बनाउँदै लैजान शिक्षासँग सम्बद्ध विद्वान् सरोकारवाला जनसमुदायको रचनात्मक सुझावको अपेक्षा गर्दै स्थानीय पाठ्यक्रम निर्माणका निम्ति यो कार्यदललाई जिम्मेवारी सुम्पनुभएकामा नगर प्रमुख, जैमिनी नगर कार्यपालिका एवम् शिक्षा, युवा तथा खेलकुद शाखा कुस्मिसेरालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ ।

## २.२ तहगत सक्षमता

पाठ्यक्रमको अध्ययन अध्यापनबाट विद्यार्थीहरूको सिकाइ उपलब्धि क्षमता कुन तहमा जाँच्न वा मूल्याङ्कन गर्न सकिन्छ भन्ने कुरा सक्षमताबाट स्पष्ट हुन्छ । सक्षमतामा आधारित पाठ्यक्रमको लागुपश्चात् विद्यार्थीहरूको मूल्याङ्कन गर्दा उनीहरूको बुझाइ तथा ज्ञानको तह (Knowledge), सिपको तह (Skill) र विद्यार्थीहरूको व्यवहारिक परिवर्तन (Attitude) लाई समेत मूल्याङ्कन गर्न सकिन्छ । यसै आधारमा यो स्थानीय विषयको पाठ्यक्रम सक्षमतामा आधारित भई विकास गरिएको हो ।

**तहगत सक्षमता कक्षा (१–३)**

१. घर, छिमेक र समुदायका विशिष्ट पहिचान बताउन ।

२. पारिवारिक सामाजिक सांस्कृतिक मूल्य मान्यताहरू बारे जानकारी दिन ।

३. अभिभावक र छिमेकमा अवलम्वन गर्ने पेसा व्यवसाय सहित जीवनयापनका सीपहरूको जानकारी लिन ।

४. आफ्नो क्षेत्रभित्रका मुख्य कृषिबाली, पशुपालन र उत्पादन क्षेत्रहरूको बारेमा बताउन ।

५. आफ्नो टोल छिमेकका मनोरञ्जनात्मक स्थान तथा पर्यटकीय स्थलहरू बारे बताउन ।

६. आफ्नो टोल छिमेकमा खेलिने परम्परागत तथा मौलिक खेलका नाम र खेलिने खेलका सामान्य नियम बताउन ।

७.. घर परिवार र छिमेकमा पाइने, उत्पादन हुने जडीबुटीहरूको पहिचान र प्रयोग विधि बताउन ।

८. घर परिवार र टोल छिमेकमा विपद व्यवस्थापनका सिपहरू बताउन ।

९. सूचना प्रविधिका सामान्य सिपहरू पहिचान र प्रयोग गर्ने ।

**तहगत सक्षमता कक्षा (४–५)**

१. जैमिनी नगरपालिकाभित्र आफ्नोर छिमेकी वडाका भौगोलिक सामाजिक विशिष्टताहरू बताउन ।

२. आफ्नो जातिगत र समुदायभित्र प्रचलित समाजिक साँस्कृतिक व्यबहारको जानकारी दिन ।

३. आफ्नो वडा र छिमेकी वडाभित्र अवलम्बन गरिएका पेसा व्यबसाय र आय आर्जनका व्यबहारहरू बताउन।

४. आफ्नो वडाभित्र र छिमेकी वडाहरूमा प्रचलित कृषि तथा पशुपालनका क्षेत्र र विशेषता बताउन ।

५. नगरपालिकाभित्रका पर्यटकीय स्थल र तिनका विशेषता बताउन ।

६. नगरपालिकाभित्र खेलिने मुख्य -मुख्य खेल र खेलका विधि बताउन, साथै नियमानुसार खेलमा सहभागी हुन ।

७. जैमिनी नगरपालिकाभित्र उत्पादन हुने मुख्य जडिबुटीहरूको पहिचान र प्रयोग विधि बताउन ।

८. नगरक्षेत्रभित्र भएका जलवायु परिवर्तनका प्रभाव र नगर क्षेत्रभित्र जलवायु परिवर्तका प्रभाव र प्रचलित विपद व्यवस्थापनका सिप र विधिको जानकारी दिन ।

९. सूचना प्रविधिसँग सम्बन्धित सिपको सामान्य प्रयोग गर्न ।

**तहगत सक्षमता कक्षा (६-८)**

यस स्थानीय विषयको अध्ययनपश्चात् कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूले निम्नलिखित सक्षमता हासिल गर्नेछन् :

प्रस्तुत पाठ्यकमको अध्ययनपश्चात् विद्यार्थीमा निम्नानुसारका तहगत सक्षमता हासिल भएको अवस्था हुने छ ।

१. जैमिनी नगरपालिका र आफ्नो जिल्लाको परिचय, भौगोलिक अवस्था, साँध सिमाना, जनसङ्ख्या, जातजाति र सङ्घसंस्थाको विवरण र प्रस्तुति ।

२. धार्मिक, प्राकृतिक, सांस्कृतिक, राष्ट्रिय सम्पदा, स्थानीय तथा राष्ट्रिय दिवसको पहिचान, महत्वको संरक्षण र संवर्धन ।

३. स्थानीय तहमा अपनाइने पेसा र उद्यमप्रति सचेत हुँदै पशुपक्षी पालन, कृषिकर्म, कुटीर उद्योग बजार व्यवस्थापन र प्रविधिको प्रवर्तनात्मक उपयोग ।

४. सन्तुलित र स्वस्थकर जीवनशैली अपनाउँदै असल आचरण, बानीव्यवहारलाई अनुसरण गरी जातीय विविधताको पहिचान, विकास निर्माण र समाज सेवामा विशेष योगदान पुर्याउने महत्वपूर्ण व्यक्ति र संस्थाको परिचय ।

५. जैमिनी नगरको शैक्षिक र स्वास्थ्य स्थिति, स्थानीय तथा राष्ट्रिय खेलकुदको विकास र प्रयोग, योग लगायतका खेलको अभ्यास र सहभागिता जीवनोपयोगी सिपको विकास ।

६. ऐतिहासिक र पर्यटकीय स्थल : (गाजाको दह, हाँडीकोट धुरी, रिट्ठे डाँडा, माइको थान, जैमिनी घाट धाम, कमलजैसी मन्दिर, गाईथुने धाम, गणेश मन्दिर आदि स्थानीय पर्यटकीय स्थल र देवीदेवताका मन्दिरको संरक्षण र प्रवर्धन ।

७. प्रकोप (आगजनी, भूकम्प, भूक्षय, बाढी, पहिरो, चट्याङ, विद्युतीय गडबढी, हावाहुरी) वातावरणको संरक्षणप्रति सचेतना र सजकता ।

८. सामाजिक समस्या (बालश्रम, छुवाछुत, बालविवाह, बहुविवाह, दुर्व्यसनी) आदि समस्या र कुप्रथाको पहिचान, सुधारका उपायको अवलम्बन, निराकरणमा सहभागिता र सहयोग ।

९. परम्परागत र आधुनिक सूचना सञ्चारका साधनको पहिचान र प्रयोग, आधुनिक प्राविधिक ज्ञानको व्यावहारिक उपयोग ।

## २.३ सिकाइ उपलब्धि कक्षा १ देखि ८ सम्म

**हाम्रो जैमिनी स्थानीय पाठ्यपुस्तकको सिकाइ उपलब्धि कक्षा १ देखि ८**

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
|---|---|---|---|---|---|---|---|---|
| जैमिनीको सेरोफेरो | २ | २ | २ | २ | २ | २ | २ | २ |
| स्थानीय सम्पदा | २ | २ | २ | ३ | ४ | ५ | ५ | ४ |
| जैमिनीको जीवनशैली र उद्यमशीलता | ३ | २ | २ | ३ | २ | ४ | ४ | ५ |
| कृषि तथा पशुपक्षी पालन | ३ | ४ | २ | २ | २ | ६ | ६ | ६ |
| शिक्षा, स्वास्थ्य तथा खेलकुद | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ |
| पर्यटन | २ | २ | २ | २ | २ | ४ | ४ | ४ |
| विपद्, समाजिक समस्या र सुरक्षा | २ | २ | ३ | ३ | ३ | ४ | ४ | ४ |
| सूचना र प्रविधि | २ | २ | २ | २ | २ | ५ | ५ | ५ |
| नैतिक मूल्य मान्यता र सदाचार | २ | २ | २ | ३ | ३ | २ | २ | २ |
| **जम्मा सिकाइ उपलब्धि** | २२ | २२ | २२ | २४ | २४ | ३६ | ३६ | ३६ |

## सिकाइ उपलब्धि कक्षा १ देखि ५

| **क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** |
|---|---|---|---|---|---|
| **जैमिनीको सेरोफेरो** | आफ्नो वरिपरिको सामान्य परिचय बताउन । | आफ्नो वडाको परिचय दिन ।<br>वडा समितिको नाम बताउन । | आफ्नो र छिमेकी वडाको नाम र सम्पदाको महत्व बताउन । | जैमिनी नगरपालिकाको सामान्य परिचय दिन, नामकरण बताउन ।<br>नगरपालिकाको क्षेत्रफल, सम्पदा र जनसङ्ख्या बताउन । | जैमिनी नगरपालिकाको सेरोफेरोको पहिचान<br>सम्पदाहरूको वर्णन गर्न । |
| **स्थानीय सम्पदा** | आफ्नो टोलमा रहेका मठमन्दिरको नाम भन्न । | छिमेकी टोलमा रहेका मठ मन्दिर, मुख्य चाडपर्वको नाम बताउन, | आफ्नो टोलका मठमन्दिर, लोक कथा, र गीतको नाम भन्न । | आफ्नो वडाका धार्मिक स्थल जाति अनुसारका चाडपर्व भेषभूषा बताउन ।<br>नाता अनुसारको भाषाको प्रयोग गर्न । | स्थानीय स्तरका धार्मिक स्थल, चाडपर्व, सामाजिक संस्कारको, बारेमा बताउन ।<br>जातीय भेषभूषा र प्राकृतिक सम्पदाको सामान्य परिचय दिन । |
| **जैमिनीको जीवनशैली र उद्यमशीलता** | आफ्नो घरमा प्रयोग हुने काठ र बाँसबाट बनेका सामग्रीहरूको नाम भन्न ।<br>दैनिक खानामा प्रयोग हुने खाद्यान्नको नाम भन्न । | आफ्नो नाता अनुसारको आदर गर्न ।<br>आफ्नो घरका सदस्यले गर्ने पेसाको नाम भन्न । | आफ्नो छिमेकमा गरिने संस्कारको नाम भन्न ।<br>आफ्नो घरमा प्रयोग हुने नाप तौलका स्थानीय एकाइको नाम भन्न । | स्थानीय रूपमा रहेका परम्परागत पेसाहरूको नाम बताउन ।<br>स्थानीय रूपमा मनाइने मुख्य चाड पर्वमा गरिने कार्यहरू बताउन । | आफ्नो वडाभित्र निर्माण भई बिक्री वितरण हुने स्थानीय सामग्रीहरूको नाम भन्न ।<br>आफ्नो वडाका जात जातिगत आदर सत्कारको बारेमा बताउन । |
| **क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** |
| **कृषि तथा पशुपक्षी पालन** | अन्नबाली र फलफूल, जनाबरको नाम भन्न । | अन्नबाली, फलफूल, तरकारी र पशुपंक्षीको नाम भन्न । | कृषि र पशुपालनको सामान्य परिचय दिन । | कृषि र पशुपालनका फाइदा बताउन । | स्थानीय स्तरमा सञ्चालन भएका कृषि तथा पशुपालन गर्ने तरिकाको जानकारी दिन गर्न |

| | | | | | |
|---|---|---|---|---|---|
| **शिक्षा, स्वास्थ्य तथा खेलकुद** | आफ्नो विद्यालयको नाम भन्न । आफ्नो नजिकमा रहेको स्वास्थ्य संस्थाको नाम भन्न । आफूलाई मन पर्ने खेलका नाम भन्न । | आफ्नो विद्यालय र छिमेकी विद्यालयको नाम बताउन । आफ्नो वडाका स्वास्थ्य स्वयम् सेवीकाको नाम बताउन । समूहमा खेलिने खेलका नाम बताउन । | आफ्नो वडाभित्रका शिक्षण संस्थाको नाम भन्न । आफ्नो घर वरपर पाइने जडीबुटीको नाम बताउन । स्थानीय स्तरका खेलको नाम बताई सामान्य योगासन गर्न । | स्थानीय स्तरमा पाइने प्रमुख जडीबुटीहरूको नाम र प्रयोग बताउन । खेल र योगका लागि आवश्यक सिप तथा नियम बताउन । असल व्यवहार र चरित्रको बारेमा बताउन । | आफ्नो छिमेकी वडामा रहेका विद्यालयहरूको नाम भन्न । प्राथमिक उपचारको परिचय दिन । स्थानीय र राष्ट्रिय खेलहरूको पहिचान |
| **पर्यटन** | रमणीय स्थानको नाम बताउन । | पर्यटकीय स्थलको नाम बताउन । | स्थानीय पर्यटकीय स्थलको परिचय र सूची बनाउन । | पर्यटकीय स्थलको संरक्षण र त्यसको महत्व बताउन । | स्थानीय तहमा लाग्ने प्रमुख मेलाहरूको महत्व बताउन |
| **विपद्, सामाजिक समस्या र सुरक्षा** | हावा पानीको जानकारी दिन । आगो, धारिलो हतियार आदि चिन्न । | मौसम अनुसारको विपद जानकारी दिन । छिमेकमा रहेको प्रथा र कुप्रथा चिन्न । | भूक्षय र आगोलागीको बारेमा बताउन । समाजमा प्रचलित कुप्रथा बताउन । घर वरिपरिका जोखिम स्थलको जानकारी दिन । | भूक्षय र आगोलागीको असर बताउन । समाजका कुरीति र कुप्रथाको सूची तयार गर्न। विपदको बेला प्रयोग हुने सुरक्षित स्थानको नाम भन्न । | भूक्षय र आगोलागी जस्ता विपद्बाट बच्ने उपाय बताउन । समाजका कुरीति र कुप्रथा रोक्ने उपाय बताउन । सडक दुर्घटना र ट्राफिक नियमको बारेमा बताउन । |
| **क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** |
| **सूचना र प्रविधि** | घरमा प्रयोग भएका सञ्चारका साधनको नाम भन्न । | आफ्नो गाउँमा प्रयोग हुने सूचना प्रविधिका सामग्रीको नाम भन्न । | परम्परागत सूचना प्रविधिका साधनको नाम भन्न । आधुनिक सूचना प्रविधिको परिचय दिन । | आफ्नो वडामा प्रयोग भएका परम्परागत सूचना प्रविधिका साधनको प्रयोग चिन्न । कम्प्युटरको परिचय दिन । | स्थानीय स्तरमा प्रयोग हुने गरेका परम्परागत सूचना प्रविधिका साधनको सूची तयार गर्न । कम्प्युटरको प्रयोग र सुरक्षण गर्न । |
| **नैतिक मूल्य मान्यता र सदाचार** | साथी, गुरु, परिवारका सदस्यहरू र छिमेकी | स्थानीय जातजातिहरूले घरमा पाहुना तथा मान्यजनलाई गर्ने आदर | स्थानीय समुदाय तथा समाजमा सभ्य परिवारको परिचय दिई, आत्म अनुशासनका | सकारात्मक सोचको विकास गर्न आफ्नो दैनिक क्रियाकलाप बताउन | समुदाय तथा समाजमा सभ्य परिवारको परिचय दिई, असल परिवारमा अभिभावकले खेल्नुपर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालबालिकासँग घुलमिल हुन र आदर सत्कार प्रकट गर्न | सत्कारको अनुसरण गरी दैनिक जीवनमा लागु गर्न | लागि आवश्यक गुणहरूको अनुसरण गर्न | | भूमिकाको बर्णन गर्न र अनुसरण गर्न अभिभावकलाई प्रेरित गर्न |

## सिकाइ उपलब्धि कक्षा ६ देखि ८

| **क्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
|---|---|---|---|
| **जैमिनीको सेरोफेरो** | -नगरपालिकाको सिमाना क्षेत्रफल,<br>-जनसङ्ख्याको बनावट<br>-वितरणको अवस्था बताउन । | -नगरपालिकाको भौगोलिक र मौसमी अवस्था बताउन<br>-स्वास्थ्य तथा शैक्षिक अवस्थाको सामान्य जानकारी दिन । | -जैमिनी नगरपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा बताउन ।<br>-नगरपालिकाको प्रशासनिक संरचनाको जानकारी दिन । |
| **स्थानीय सम्पदा** | -नगरभित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाको पहिचान र संरक्षण र गर्न ।<br>-जातीय वेशभूषाको पहिचान संरक्षण र अपनत्व बोध गर्न ।<br>-स्थानीय जडीबुटीको प्रयोगलाई प्रोत्साहित गर्न ।<br>-निजी र सार्वजनिक सम्पत्तिको पहिचान गर्न ।<br>-जैमिनीको वातावरण र वन्यजन्तुको बारेमा बताउन । | - नगरक्षेत्रभित्रका सम्मानित, सामाजिक व्यक्तित्व र समुदायप्रति सम्मान गर्न ।<br>-सामाजिक व्यक्तिहरूले गरेका अनुकरणीय कार्यको अनुसरण गर्न,<br>-नगरका धार्मिक तथा सांस्कृतिक सम्पदाको **महत्व** बताउन । -निजी र सार्वजनिक सम्पत्तिको संरक्षणका उपाय बताउन ।<br>-जैमिनी नगरपालिकामा रहेका जैविक विविधताको परिचय दिन । | स्थानीय संस्कृति र सामाजिक संस्कारको (जन्म, सामाजिक कर्म विवाह, मृत्यु) बारेमा बताउन ।<br>-नगरभित्रका राष्ट्रिय व्यक्तित्व, सामाजिक व्यक्तित्व, (गायक, सहिद, साहित्यकार) आदि व्यक्तित्वको पहिचान<br>-स्थानीय (लोकगीत, लोककथा, लोकनाटक, लोक उखान, लोकभजन, चुड्का, सोरठी, रत्यौली, सालैजो खाँडो, झोरा, भैलो, लोकोक्ति, गीत र वीरगाथा) आदि विधाको पहिचान गर्न ।<br>-निजी र सार्वजनिक सम्पत्तिको प्रवर्धन कार्यमा सहयोग गर्न ।<br>-मातृभाषाको पहिचान गरी नगरभित्र रहेका खनिजयुक्त वाडाको पहिचान गर्न ।<br>-जैमिनी नगरको जैविक विविधताको **महत्व** बताउन । |
| **जैमिनीको जीवनशैली र उद्यमशीलता** | -नगरपालिकाभित्र निर्माण भई बिक्रीजन्य वस्तुहरूको परिचय र **महत्व** । | -नगरमा उत्पादन हुने विक्रीजन्य वस्तुको जानकारी,<br>-स्थानीय रूपमा मनाइने चाडपर्वहरू र त्यसमा खाइने परिकारको परिचय, | -नगरभित्रका जातजातिले प्रयोगमा ल्याएका आदरसत्कारका आदरयुक्त शब्दको व्यावहारिक प्रयोग भिन्नता<br>–विभिन्न अनुच्छेद र व्यवहारिक लेखरचनाहरूको लेखन, |

| | | | |
|---|---|---|---|
| | -नगरमा अवस्थित मठमन्दिरहरूमा जातिगत भिन्नताको आधारमा पूजा गर्ने देवताको विभिन्नताको वर्णन<br>-नगरपालिकामा सञ्चालित घरेलु उद्योगको परिचय<br>-घरेलु उद्योगका विशेषता बताउन | -नगरभित्रका मानिसहरूले अपनाएका पेसाको जानकारी,<br>-नगरमा उत्पादित सामग्री र बिक्रीवितरणको अवस्था । | -आधुनिक र परम्परागत कृषि फसलको भण्डारण पद्धतिको भिन्नता<br>-नगरमा उत्पादित विक्रीजन्य वस्तुको आयआर्जनको स्थिति |
| **क्षेत्र** | **कक्षा ६** | **कक्षा ७** | **कक्षा ८** |
| **कृषि तथा पशुपक्षी पालन** | -स्थानीय अन्नबाली, फलफूल, तरकारी खेती गर्ने तरिका पहिचान<br>-पशुपक्षी पालन गर्ने तरिका पहिचान ।<br>-अर्गानिक खेतीको परिचय दिन<br>-कीटनाशक घरेलु औषधीको पहिचान | -स्थानीय अन्नबाली, फलफूल तरकारी खेतीमा लाग्ने रोग र रोकथामका उपायहरूको सूची बनाउन ।<br>–अर्गानिक खेतीका फाइदा बताउन ।<br>-पशुपक्षी पालन र पशुपंक्षीमा लाग्ने रोकथामका उपाय बताउन ।<br>-कीटनाशक औषधीको परिचय दिन | -स्थानीय अन्नबाली, फलफूल तरकारी खेतीमा लाग्ने रोग र रोकथामका उपाय बताउन ।<br>–अर्गानिक खेतीका विशेषता बताउन<br>-कीटनाशक औषधीको प्रयोग गर्न । -कृषि तथा पशुपंक्षी व्यावसायको सम्भावना पहिचान गर्न ।<br>-अर्गानिक र व्यावसायिक खेतीको महत्व बताउन । अर्गानिक खेती र पशुपक्षीमा लाग्ने रोग निराकरणमा प्रयोग हुने स्थानीय प्रविधिको पहिचन गर्न । |
| **कक्षा ७** | -नगरपालिकाको भौगोलिक र मौसमी अवस्था बताउन<br>-स्वास्थ्य तथा शैक्षिक अवस्थाको जानकारी दिन । | -नेपालको नक्साबाट आफ्नो प्रदेशको पहिचान गर्न<br>-जैमिनी नगरपालिकाको उचाइ हावापानी र वातावरण<br>–जैमिनीका शैक्षिक संस्था र स्वास्थ्य संस्थाको नाम र ठेगाना | गण्डकी प्रदेशको नक्सा, स्थान बुझाउने मौसमी चार्ट वा चित्र, प्रमुख स्वास्थ्य संस्था र शैक्षिक संस्थाको सूची/चित्र | गण्डकी प्रदेशको राजनीतिक नक्सा प्रदर्शन गरी जैमिनीको पहिचान गराउने ।<br>नगरका मौसम, हावापानी र वातावरणको छलफल, अन्तरकिया गर्ने, प्रश्नोत्तर गर्ने, हाजिरजवाफ गराउने ।<br>मोबालइको एम प्रदर्शन गरी मौसमी अवस्था बताउने ।<br>प्रमुख शैक्षिक तथा स्वास्थ्य संस्थाको स्थलगत भ्रमण गराउने । | -गण्डकी प्रदेशको नक्सा बनाई जैमिनी नगरपालिका देखाउनुहोस् ।<br>-जैमिनीका प्रमुख शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको सूची प्रस्तुत गर्नुहोस् ।<br>-जैमिनी नगरपालिकामा पाइने मौसम र हावापानीको विवरण तयार पार्नुहोस् । | **१५** |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ८ | -जैमिनी नगरपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा बताउन ।<br>-नगरपालिकाको प्रशासनिक संरचनाको जानकारी दिन । | -जैमिनी नगरपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा सुविधाहरू भन्न<br>-नगरपालिकाको संरचना र कार्यहरू भन्न । | नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरूको विवरण तालिका, नगरपालिकाको प्रशासनिक संरचना र कार्यको चित्रात्मक सूची शिक्षक निर्मित फिलिप चार्ट | नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाको सूची प्रर्दशन गर्ने, नगरपालिकाको प्रशासनिक संरचनाको विवरणात्मक सूचीका आधारमा छलफल, प्रश्नोत्तर अन्तरक्रिया गर्ने, नगरपालिकाको स्थलगत भ्रमण गराई नागरिक बडापत्रको अध्ययन गराउने, हाजिरजवाफ गराउने । | -जैमिनी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाको सूची बनाउनुहोस् ।<br>जैमिनी नगरपालिकाको प्रशासनिक संरचनाको चित्र तयार पार्नुहोस् ।<br>नगरपालिकाले गर्ने कुनै दुई विकास निर्माणका कार्य लख्नुहोस् । | १५ |

| क्षेत्र : स्थानीय सम्पदा | | | | | | |
|---|---|---|---|---|---|---|
| **कक्षा** | **विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि** | **विषय विस्तृतीकरण** | **शैक्षिक सामग्री** | **सिकाइ सहजीकरण प्रक्रिया** | **मूल्याङ्कन** | **पाठ्य घण्टा** |
| **कक्षा ६** | -नगरभित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्न ।<br>-जातीय वेशभूषाको संरक्षण, लोक साहित्य र सिर्जनाको अपनत्व बोध गर्न ।<br>-स्थानीय जडीबुटीको प्रयोगलाई प्रोत्साहित गर्न<br>-निजी र सार्वजनिक सम्पत्तिको पहिचान गर्न ।<br>-जैमिनीको वातावरण र वन्यजन्तुका बारेमा बताउन । | -नगरका मुख्य धार्मिक तथा सांस्कृतिक (जैमिनी घाट धाम, माइको थान, गाजाको दह, हाँडीकोट धुरी, आदि स्थानीय) सम्पदाको सूची बनाउन ।<br>-नगरका जातजातिगत वेशभूषाको पहिचान गर्न ।<br>-निजी सार्वजनिक सम्पदाको पहिचान गर्न ।<br>-स्थानीय जडीबुटी र वन्यजन्तुको परिचय दिन ।<br>-नगरक्षेत्रभित्रका लोक साहित्य र सिर्जनाको पहिचान गर्न । | -नगरका मुख्य धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको सूचीसहितको चार्ट, चित्र ।<br>-जातिजातिगत वेशभूषाको चित्र, अनुकरणीय व्यक्तित्वको जीवनी, लोक साहित्य सर्जक वा विज्ञ व्यक्तित्व वा चित्र, नगरमा पाइने जडीबुटीको सूची, चार्ट, नगरको वनक्षेत्रमा पाइने वन्यजन्तुको चित्रात्मक सूची | चित्रहरूको प्रदर्शन गर्ने र प्रश्नोत्तर गराउने ।<br>विज्ञ व्यक्तिको सहयोगमा लोक साहित्य र सिर्जनाको अभ्यास गराउने ।<br>जातजातिगत वेशभूषाको प्रदर्शन गर्ने, अनुकरणीय व्यक्तित्वको चित्रबाट योगदान बताउने, लघु भ्रमण गराई स्थानीय जडीबुटी र वन पैदावार चिनाउने । | -नगरभित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाको सूची बनाउनुहोस् ।<br>-हाम्रो नगरमा रहेका जातजातिगत वेशभूषाको नाम लेख्नुहोस् ।<br>-निजी र सार्वजनिक सम्पदाको संरक्षण कसरी गर्न सकिन्छ ? लेख्नुहोस् ।<br>-जैमिनीको वन जङ्गलमा पाइने वन्यजन्तुको नाम लेख्नुहोस् ।<br>-तपाईंलाई मन पर्ने कुनै एक लोकगीत गाएर सुनाउनुहोस् । | १५ |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ७ | -नगरक्षेत्रभित्रका सम्मानित, सामाजिक व्यक्तित्व र समुदायप्रति सम्मान गर्न ।<br>-सामाजिक व्यक्तिहरूले गरेका अनुकरणीय कार्यको अनुसरण गर्न,<br>-नगरका धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्व बताउन ।<br>-निजी र सार्वजनिक सम्पत्तिको संरक्षणका उपाय बताउन ।<br>-जैमिनी नगरको जैविक विविधताको परिचय दिन । | नगरक्षेत्रभित्रका सम्मानित, सामाजिक व्यक्तित्व र समुदायप्रति सम्मान व्यक्त गर्न ।<br>-सामाजिक व्यक्तिहरूले गरेका अनुकरणीय कार्यहरू बताउन ।<br>-नैतिक आचरण स्वाभिमान र सहअस्तित्वका बारेमा बताउन ।<br>-नगरका धार्मिक तथा सांस्कृतिक सम्पदाको महत्व बताउन ।<br>-नगरको जैविक विविधताबारे बताउन । | -नगरका सम्मानित व्यक्तित्वको अनुकरणीय कार्य उल्लेख भएको पोस्टर वा पत्र पत्रिका र फोटो ।<br>-आत्मसम्मान जगाउने शब्दहरूको सूची, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको चित्र, जैविक विविधता झल्किने चित्र, लघु भ्रमण, निजी र सार्वजनिक सम्पदाको चित्र वा पोस्टर आदि | - पोस्टर वा चित्रहरूको प्रदर्शन गर्ने र प्रश्नोत्तर गराउने ।<br>सामाजिक व्यक्तित्वको अनुकरणीय कार्यको सूची प्रदर्शन गर्ने ।<br>जातजातिगत वेशभूषाको प्रदर्शन गर्ने,<br>अनुकरणीय व्यक्तित्वको चित्रबाट योगदान बताउने, लघु भ्रमण गराई स्थानीय जडीबुटी चिनाउने । सार्वजनिक र निजी सम्पत्तिको सचित्र वर्णन गर्ने, हाजिर जवाफ खेल सञ्चालन गर्ने, | -नगरभित्रका सम्मानित सामाजिक व्यक्तिवहरूको सूची बनाउनुहोस् ।<br>-हाम्रो नगरका सामाजिक व्यक्तिहरूले गरेका कुनै एक अनुकरणीय कार्य भन्नुहोस् ।<br>-निजी र सार्वजनिक सम्पदाको संरक्षणका कुनै पाँच उपाय लेख्नुहोस् ?<br>-जैमिनीको नगरका कुनै दुई महत्वपूर्ण धार्मिक सांस्कृतिक सम्पदाको नाम लेख्नुहोस् ।<br>-जैविक विविधता भनेको के हो ? | १५ |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ८ | -स्थानीय संस्कृति र सामाजिक संस्कारको (जन्म, सामाजिक कर्म विवाह, मृत्यु) बारेमा बताउन । - नगरभित्रका राष्ट्रिय व्यक्तित्व, सामाजिक व्यक्तित्व, (गायक, सहिद, साहित्यकार) आदि व्यक्तित्वको पहिचान -स्थानीय (लोकगीत, लोककथा, लोकनाटक, लोक उखान, लोक भजन, चुड्का, सोरठी, रत्यौली, सालैजो खाँडो, झोरा, भैलो, लोकोक्ति, गीत र वीरगाथा) आदि विधाको पहिचान गर्न । -निजी र सार्वजनिक सम्पत्तिको प्रवर्धनको कार्यमा सहयोग गर्न । | -स्थानीय सस्कृति र सामाजिक संस्कारको (जन्म, सामाजिक कर्म विवाह, मृत्यु) विशेषता बताउन । - नगरभित्रका राष्ट्रिय व्यक्तित्व, सामाजिक व्यक्तित्व, (गायक, सहिद, साहित्यकार) आदि व्यक्तित्वको पहिचान गरी जन्मस्थान र योगदान बताउन । -स्थानीय (लोकगीत, लोककथा, लोकनाटक, लोक उखान, लोकभजन, चुड्का, सोरठी, रत्यौली, सालैजो खाँडो, झोरा, भैलो, लोकोक्ति) गीत र वीरगाथा, आदि विधाको प्रयोग र अभ्यास गर्न । | स्थानीय संस्कृतिको भिडियो वा वृत्तचित्र, नगरका महत्वपूर्ण व्यक्तित्वको तस्वीर, लोक साहित्यसँग सम्बन्धित अडियो भिडियो सामग्री । निजी वा सार्वजनिक सम्पत्तिलाई बुझाउने चित्र, स्थलगत लघु भ्रमण | - पोस्टर वा चित्रहरूको प्रदर्शन गरेर प्रश्नोत्तर, गराउने । सामाजिक व्यक्तित्वको अनुकरणीय कार्यको सूची प्रर्दशन गर्ने । जातजातिगत वेशभूषाको प्रदर्शन गर्ने, लोक गीत, लोक नृत्य र सिर्जनाका अडियो भिडियो प्रदर्शन गर्ने । अनुकरणीय व्यक्तित्वको चित्रबाट योगदान बताउने, लघु भ्रमण गराई स्थानीय जडीबुटी चिनाउने । सार्वजनिक र निजी सम्पत्तिको सचित्र वर्णन गर्ने, | -नगरभित्रका जातजातिगत महत्वपूर्ण संस्कारको सूची बनाउनुहोस् । -हाम्रो नगरका कलाकार र सामाजिक व्यक्तित्वको सूची बनाउनुहोस् । -जैमिनी नगरका सामाजिक व्यक्तिहरूले गरेका कुनै दुई योगदान लेख्नुहोस् । -निजी र सार्वजनिक सम्पदाको संरक्षण र प्रवर्धनका कुनै पाँच उपाय लेख्नुहोस् ? -जैमिनीको नगरमा गाइने रत्यौली गीत गाएर सुनाउनुहोस् । जैमिनी नगरमा प्रचलित लोकोत्ती र | १५ |

| क्षेत्र: जैमिनीको जीवनशैली र उद्यमशीलता | | | | | | |
|---|---|---|---|---|---|---|
| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
| कक्षा ६ | -नगरपालिकाभित्र निर्माण भई बिक्रीजन्य वस्तुहरूको परिचय र महत्व ।<br>--नगरपालिकामा सञ्चालित घरेलु उद्योगको परिचय<br>-घरेलु उद्योगका विशेषता बताउन | आफ्नो नगरपालिकाभित्र निर्माण भई बिक्रीवितरण हुने वस्तुहरूको परिचय दिई महत्व बताउन नगरपालिकामा सञ्चालित घरेलु उद्योगको परिचय दिई विशेषता बताउन | चित्र, तस्बिर, पोस्टर मठमन्दिरको तस्बिर, पूजा सामग्रीका विवरण मौरीको घारको चित्र, कुचो, डोको, नाम्लो, दाम्लो र नाङ्लो र भिडियो प्रदर्शन मौरीको घारको चित्र, कुचो, डाको, नाम्लो, दाम्लो र नाङलो र भिडियो प्रदर्शन | -सम्बन्धित चित्रहरू प्रयोग गर्दै पेसागत परिचय र महत्व बताउने<br>-विज्ञद्वारा प्रोजेक्टरको प्रयोग गरी निर्माण प्रक्रिया प्रदर्शन गर्ने<br>निर्माण प्रक्रिया बताइदिने प्रविधिका उपकरण प्रयोग गरेर जानकारी गराउने । | -कुनै पाँचओटा नगरका व्यावसायको नाम भन्नुहोस्<br>- निर्मित सामग्रीको उपयोगिता र विशेषता बताउनुहोस् ।<br>-कुचो केबाट बन्छ ?<br>-मौरीको घार विशेष गरेर कुन कुन काठको बनाउन उपयोगी मानिन्छ ?<br>-नाङ्लो केबाट बन्छ ?<br>तपाईंले भिडियोमा के के देख्नुभयो ? | २० |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ७ | -नगरमा उत्पादन हुने विक्रीजन्य वस्तुको जानकारी,<br>-स्थानीय रूपमा मनाइने चाडपर्वहरू र त्यसमा खाइने परिकारको परिचय,<br>-नगरभित्रका मानिसले अपनाएका पेसाको जानकारी,<br>-नगरमा उत्पादित सामग्री र बिक्रीवितरणको अवस्था । | नगरमा मनाइने मुख्य मुख्य चाडपर्व मनाइने तरिका बताउन ।<br>नगरकभित्रका पराम्परागत रूपमा उत्पादन हुँदै आएका अन्नबाली, पशु चौपायहरूको सूची तयार पार्न । | चाडपर्वहरूको नाम उल्लेख गरिएको तलिका<br>- चाडपर्व मनाउँदै गरेको भिडियो ।<br>नगरभित्र उत्पादन हुने परम्परागत वस्तुहरूको सूची<br>- पशु चौपायहरूको चित्र । | प्रदर्शन विधिको प्रयोग गर्दै चाडपर्वको नामको सूची पढेर सुनाउने ।<br>-चाडपर्व मनाउने तरिका र सोही समयमा खानाका परिकारहरू भन्न लगाउने<br>-चाडपर्वको **महत्व** बताइदिने ।<br>परम्परागत वस्तुहरूको संरक्षण र प्रवर्धन गर्दै दैनिक जीवनमा प्रयोग गर्ने उपय बताइदिने ।<br><br>-पशु चौपायहरूबाट दैनिक जीवनमा पर्ने प्रभाव, आयआर्जन गर्ने उपायका बारेमा वर्णन गरिदिने, | कुनै पाँचओटा चाडपर्वको नाम लेख्नुहोस् ।<br>–कुनै दुईओटा चाडपर्व मनाइने तरिका लेख्नुहोस् ।<br><br>कुन चाडपर्वमा कुन कुन खाद्यपदार्थ खाइन्छ ? बताउनुहोस् ।<br>-कुनै पाँचओटा परम्परागत व्यवसायका नाम लेख्नुहोस् ।<br>–पशु चौपायहरूको पालनबाट कसरी आयआर्जन गर्न सकिन्छ ? | २० |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ८ | -नगरभित्रका जातजातिले प्रयोगमा ल्याएका आदरसत्कारका आदरयुक्त शब्दको व्यावहारिक प्रयोग र भिन्नता<br>–विभिन्न अनुच्छेद र व्यावहारिक, रचनाको सिर्जना<br>-आधुनिक र परम्परागत कृषि फसलको भण्डारण<br>-भण्डार पद्धतिको भिन्नता<br>-नगरमा उत्पादित विकीजन्य वस्तुको आयआर्जनको स्थिति | -जातजातिहरूले आफ्नो समुदायमा प्रयोग गर्ने आदार सत्कारका प्रकट गर्ने<br>-भाषाका वाक्य र क्रियापदहरूको भन्निता र व्यवहारमा पार्ने प्रभाव बताउन ।<br>-परम्परागत र हाल प्रचलनमा आएका चिठी, तमसुक र भरपाई लेख्न<br>-जीवनमा यिनको उपयोगिता बताउन । शिलालेख, ताम्रपत्रहरूको संरक्षण र प्रवर्धन गर्न<br>-नगरभित्रका उत्पादित वस्तुको भण्डारण गर्ने तरिका बताउन । | -आदर सत्कार बुझाउने,शब्दपत्ति र वाक्यपत्ति, संवादका नमुनाहरू तमसुक, भरपाईका नमुनाहरू<br>-शिललेख र ताम्रपत्रका तस्विर | वाक्यपत्ती र शब्दपत्तीका माध्यमबाट आदर सत्कारका बारेमा भाषिक प्रकार्य बताइदिने ।<br>जातजातिहरूको भाषाको प्रयोगमा आउने भिन्नता बताउने ।<br>भिडियो प्रदर्शन गरेर सुनाउने ।<br>छलफल र प्रश्नोत्तर गराउने ।<br>चिठीका अङ्गका बारेमा छलफल गराउने ।<br>तमसुक र भरपाईका नमुनहरू पढेर सुनाउने ।<br>शिलालेख र ताम्रपत्रको परिचय दिने र संरक्षण र प्रवर्धन लगाउने | कुनै चारओटा आदर बुझाउने शब्दहरू भन्नुहोस् ।<br>-जतिगत रूपमा आदरमा आउने भिन्नता लेख्नुहोस् ।<br>-भिडियोमा कस्ता कस्ता आदरवाची वाक्यहरू प्रयोग भएका छन् ? लेख्नुहोस् ।<br>चिठीका अङ्गहरू भन्नुहोस् ।<br>भरपाईको नमुना तयार पार्नुहोस् ।<br>-शिलालेख र ताम्रपात्रको भिन्नता बताउनुहोस् । | २० |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ६ | -स्थानीय अन्नबाली र फलफूल गर्ने तरिका बताउन<br>-तरकारी खेती गर्ने तरिका पहिचान गर्न<br>-पशुपक्षी पालनका क्षेत्रको पहिचान गर्न<br>-अर्गानिक खेतीको परिचय -खेतीबालीमा लाग्ने रोगको पहिचान ।<br>-कीटनाशक औषधीको पहिचान | -स्थानीय अन्नबाली, फलफूल र तरकारी खेती गर्ने तरिका बताउन ।<br>-पशुपक्षी पालन गर्ने तरिका र रोगको पहिचान गर्न ।<br>-अर्गानिक खेतीको नाम बताउन<br>-खेतीबालीमा लाग्ने रोगको पहिचान<br>-कीटनाशक औषधीको नाम बताउन | अन्नबाली, फलफूल, तरकारीको नाम उल्लेख भएको चार्ट वा चित्र ।<br>घरपालुवा जनाबर र पक्षीको चित्र,<br>-पशुपक्षी पालन गर्ने तरिकाको सूची,<br>–अर्गानिक खेतीको नाम खुल्ने तालिका, बिउ आदि ।<br>खेतीबालीमा लाग्ने रोगका नामावलीको सूची<br>-कीटनाशक औषधीको सूची | अन्नबाली वा तरकारीको सूची वा चित्र देखाउने । घरपालुवा जनावर र पक्षीको चिनारी गराउने, चित्र कोरेर देखाउने,पशुपक्षी पालन गर्ने तरिकाको सूची प्रस्तुत गर्ने, मौखिक प्रश्नोत्तर गराउने, क्षेत्र भ्रमण गराउने, अर्गानिक खेतीका बिउ चिनाउने, कीटनाशक औषधीहरू प्रर्दशन गराउने । | स्थानीय अन्नबाली भनेका के के हुन् ?<br>पशुपक्षी पालन गर्ने कुनै दुई तरिका लेख्नुहोस् ।<br>अर्गानिक खेती गर्ने तरिका लेख्नुहोस् ।<br>खेतीपाती सुधार गर्न अर्गानिक खेतीमा प्रयोग हुने कुनै तीन कीटनाशक औषधीको नाम लेख्नुहोस् । | २० |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ७ | -स्थानीय अन्नबाली, फलफूल खेतीमा लाग्ने रोगको पहिचान<br>-तरकारी खेतीमा लाग्ने रोगको पहिचान गर्न ।<br>-तरकारी खेतीमा लाग्ने रोगको रोकथामका उपायको सूची बनाउन ।<br>–अर्गानिक खेतीका फाइदा बताउन ।<br>-पशुपक्षी पालन र पशुपक्षीमा लाग्ने रोग र रोकथामका उपाय बताउन ।<br>-कीटनाशक औषधीको परिचय दिन | -स्थानीय अन्नबाली, फलफूल तरकारी खेतीमा लाग्ने रोगको पहिचान गर्न ।<br>-रोकथामका उपायहरूको सूची बनाउन ।<br>—अर्गानिक खेती फाइदा बताउन ।<br>-पशुपक्षी पालन र पशुपक्षीमा लाग्ने रोकको पहिचान गर्न । -पशुपक्षीमा लाग्ने रोगबाट बच्ने उपाय बताउन ।<br>-रोकथामका उपाय बताउन ।<br>-कुनै २ ओटा कीटनाशक औषधीको नाम भन्न | स्थानीय अन्नबाली, फलफूल, तरकारीमा लाग्ने रोग समावेश भएको सूची कृषिमा लाग्ने रोग र रोकथामका उपायको सूची, भिडियो वा वृत्तचित्र, अर्गानिक खेतीका फाइदाहरूको सूची, पशुपक्षी पालनमा लाग्ने रोगको सूची, खेतीबालीमा प्रयोग हुने कीटनाशक औषधीको सूची | चित्र र सूची प्रस्तुत गरी छलफल, अन्तरकिया गर्ने, अन्नबाली फलफूल, तरकारीमा लाग्ने रोगको सूची प्रस्तुत गरी छलफल गराउने,<br>कृषि विशेषज्ञबाट अभिमुखीकरण गराउने, पशुपक्षी पालन गर्दा पशुपक्षीमा लाग्ने रोग र रोकथामका उपाय बताउने । भिडियो, वृत्तचित्र प्रस्तुत गरी कीटनाशक औषधीको प्रयोग स्पष्ट पार्ने ।<br>अर्गानिक खेती गर्ने तरिकाका बारेमा छलफल गराई विद्यालयको परिसरमा करेसाबारी निर्माण गराउने । | अन्नबाली, फलफूल तरकारीमा लाग्ने कुनै दुई रोगको नाम लेख्नुहोस् ।<br>अर्गानिक खेतीका कुनै चार फाइदा लेख्नुहोस् ।<br>पशुपक्षीमा लाग्ने रोगको सूची बनाउनुहोस् ।<br>अर्गानिक खेतीमा प्रयोग गरिने कीटनाशक औषधीको नाम र तरिका लेख्नुहोस् ।<br>पशुपक्षीलाई रोगबाट बचाउन गरिने कुनै ३ उपाय लेख्नुहोस् । | २० |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ८ | -स्थानीय अन्नबाली, फलफूल तरकारी खेतीमा लाग्ने रोग र रोकथामका उपायको सूची बनाउन ।<br>–अर्गानिक खेतीका विशेषता बताउन ।<br>-कीटनाशक औषधीको प्रयोग गर्न ।<br>-कृषि तथा पशुपक्षी व्यावसायको सम्भावना पहिचान गर्न ।<br>-अर्गानिक र व्यावसायिक खेतीको महत्व बताउन ।<br>-अर्गानिक र रासायनिक खेतीका विशेषता बताउन | -स्थानीय अन्नबाली, फलफूल तरकारी खेतीमा लाग्ने रोग र रोकथामका कुनै चार उपाय बताउन ।<br>-स्थानीयरूपमा रहेका कृषि तथा पशुपंक्षी व्यावसायका सम्भावना बताउन ।<br>-कीटनाशक औषधीको प्रयोगको चुनौती बताउन ।<br>-कृषि तथा पशुपक्षी व्यावसाय प्रवर्धनका उपाय बताउन ।<br>-अर्गानिक र व्यावसायिक खेतीको महत्व र विशेषता बताउन ।<br>-अर्गानिक र रासायनिक खेतीको विशेषता बताउन | -स्थानीय अन्नबाली, फलफूल तरकारी खेतीमा लाग्ने रोग र रोकथामका उपायहरूको सूची<br>-स्थानीयरूपमा रहेका कृषि तथा पशुपक्षी व्यावसायका सम्भावनाको सूची<br>-कीटनाशक औषधीको प्रयोगको चुनौती समस्याको सूची ।<br>-कृषि तथा पशुपक्षी व्यावसाय प्रवर्धनका उपायको सूची,<br>-अर्गानिक र रासायनिक खेतीको महत्व र विशेषता बुझाउने भिडियो चित्र, अर्गानिक खेती गरिएको स्थानको क्षेत्र भ्रमण | सूची र चित्र प्रस्तुत गरी छलफल र प्रश्नोत्तर विधिमार्फत जानकारी गराउने ।<br>-फलफूल तरकारीमा लाग्ने रोगका बारेमा छलफल गराउने,<br>-अर्गानिक खेतीका विशेषताको सूची प्रस्तुत गरी अन्तरक्रिया गर्ने,<br>-पशुपक्षी व्यावसाय सञ्चालनका सम्भाव्यताको सूची खोज्न लगाउने, परियोजना कार्य दिने,<br>-अर्गानिक खेतीको महत्व र विशेषताको सूची बनाउन लगाउने, भिडियो प्रस्तुत गर्ने, क्षेत्र भ्रमण गराउने, | -तपाइँको वरपर उत्पादन गरिने अन्नबाली, फलफूल तरकारी खेतीको अलग अलग सूची तयार गर्नुहोस् ?<br>-तपाइँको छिमेकमा पशुपक्षी पालनका केकस्ता सम्भावना छन् लेख्नुहोस् ।<br>-कीटनाशक औषधीको चुनौती र समस्याको सूची प्रस्तुत गर्नुहोस् ।<br>-अर्गानिक खेतीका कुनै चार विशेषता र **महत्व** लेख्नुहोस् । | २० |

| क्षेत्र : शिक्षा, स्वास्थ्य र खेलकुद | | | | | | |
|---|---|---|---|---|---|---|
| **कक्षा** | **विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि** | **विषय विस्तृतीकरण** | **शैक्षिक सामग्री** | **सिकाइ सहजीकरण प्रकिया** | **मूल्याङ्कन** | **पाठ्य घण्टा** |
| कक्षा ६ | -नगरभित्रका साधारण, प्राविधिक र धार्मिक विद्यालयको पहिचान ।<br>-माध्यमिक तहमा आफ्नो क्षमताअनुसारको विषय छनोट<br>-नगरका बौद्धिक व्यक्तित्वको कार्य अनुसरण गर्न<br>- स्वास्थ्य संस्थाले दिने स्वास्थ्य सेवाको जानकारी ।<br>-हाम्रो जैमिनी नगरपालिकाको प्रतिनिधित्व गरी राष्ट्रिय स्तरको खेल खेल्ने खेलाडीहरूको नाम बताउन ।<br>-योगको फाइदा बताउन | -नगरभित्रका साधारण, प्राविधिक र धार्मिक विद्यालयको सूची बनाउन ।<br>-माध्यमिक तहमा आफ्नो क्षमताअनुसारको विषय छनोट गर्न ।<br>-नगरभित्रका शैक्षिक, बौद्धिक व्यक्तित्वको कार्यको जानकारी<br>-स्थानीय स्वास्थ्य संस्थाले दिने स्वास्थ्य सेवाको सूची तयार पार्न ।<br>- हाम्रो जैमिनी नगरपालिकाको प्रतिनिधित्व गरी राष्ट्रिय स्तरको खेल खेल्ने राष्ट्रिय खेलाडीहरूको नाम बताउन ।<br>-योगको फाइदा बताउन | शैक्षिक संस्थाहरूको सूची, विषयगत क्षेत्र र सामर्थ्य उल्लेख गरिएको चार्ट । नगरका राष्ट्रिय शैक्षिक व्यक्तित्वको तस्वीर,जीवनवृत्त, स्वस्थ्य संस्थाले दिने सेवा प्रवाहको सूची, राष्ट्रिय खेलाडीहरूको योगदानको सूची, योगका फाइदाहरूको सूची | -शैक्षिक संस्थाको सूची चित्र र भिडियो प्रदर्शन गरी विषयगत सामार्थ्य बताउने ।<br>-शैक्षिक व्यक्तित्वको तस्विर प्रदर्शन गर्ने, जीवनवृत्तको जानकारी गराउने ।<br>-राष्ट्रिय खेलको जानकारी गराउँदै खेल विधिको अभ्यास गराउने ।<br>-योगको फाइदाको सूची प्रस्तुत गर्ने ।<br>सबै सामग्रीको<br>-प्रस्तुतिपछि, अन्तरक्रिया, छलफल, गराउने ।<br>- | --लेखा विषय पढेर रोजगारीका क्षेत्रमा प्रवेश गर्न सकिने सेवाहरू के के हुन् ?<br>-स्वास्थ्य संस्थाबाट प्राप्त हुने सेवाको सूची तयार पार्नुहोस्<br>-नगरका राष्ट्रिय ख्याति प्राप्त शैक्षिक व्यक्तित्वको नाम लेख्नुहोस् ।<br>-भलिबल र कबड्डी कसरी खेलिन्छ ? लेख्नुहोस् ।<br>-योगबाट प्राप्त हुने कुनै चार फाइदा लेख्नुहोस् | १५ |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ७ | -नगरको साक्षरता दर, शैक्षिक स्थिति र अनुपातको जानकारी<br>–शिक्षाक्षेत्रमा गरिएको लगानी, प्रतिफलका र महत्वको पहिचान,<br>–शैक्षिक व्यक्तित्वको योगदानको अनुसरण<br>-नगरभित्रको स्वास्थ्य अवस्थाको पहिचान ।<br>-आयुर्वेद उपचार पद्धतिको प्रयोग<br>-राष्ट्रिय खेल (भलिबल, फुटबल) आदिको खेल विधि प्रयोग अभ्यास | -नगरको साक्षरता दर, शैक्षिक स्थिति र शिक्षक विद्यार्थी अनुपातको जानकारी बताउन ।<br>–शिक्षाक्षेत्रमा गरिएको लगानी, प्रतिफल र महत्वको पहिचान गर्न<br>–शैक्षिक व्यक्तित्वको योगदानको अनुसरण गर्न ।<br>-नगरभित्रको स्वास्थ्य स्थितिको पहिचान ।<br>-आयुर्वेद उपचार पद्धतिको प्रयोग अभ्यास ।<br>-राष्ट्रिय खेल (भलिबल, फुटबल) का नियम र प्रयोग अभ्यास | जैंमिनी नगरको शैक्षिक तथ्याङ्क, शैक्षिक योजना, भिडियो, वृत्तचित्र, शैक्षिक लगानी र प्रतिफल समेटिएको चार्ट, शैक्षिक, व्यक्तिहरूको तस्विर, **महत्व**पूर्ण योगदानको चार्ट, पोस्टर, चित्र नगरको स्वास्थ्य स्थितिको तथ्याङ्क समेटिएको तालिका, आयुर्वेद उपचार पद्धतिको सूची, भलिबल, फुटबल, खेलका नियमको सूची र भकुन्डाहरू । | जैंमिनी नगरको शैक्षिक तथ्याङ्क, शैक्षिक योजना, भिडियो, वृत्तचित्र, प्रस्तुत गरी छलफल र प्रश्नोत्तर गराउने । हाजिरीजवाफ खेल सञ्चालन गर्ने ।<br>शैक्षिक, व्यक्तिहरूको तस्विर,**महत्व**पूर्ण योगदानको चार्ट, पोस्टर, चित्र प्रस्तुत गरी **महत्व**पूर्ण योगदानको जानकारी दिने ।<br>आयुर्वेद उपचार पद्धतिको सूची प्रस्तुत गरी यसको उपयोगिता र असर छलफल गराउने ।<br>समूहमा खेलिने भलिबल, फुटबल खेलको अभ्यास गराउने, | जैमिनी नगरको साक्षरता र शिक्षक विद्यार्थी अनुपात कति छ ?<br>नगरपालिकाबाट नेपालको शिक्षाक्षेत्रमा उच्च ओहोदामा पुगेका व्यक्तिको नाम लेख्नुहोस् ।<br>नगरका विशिष्ट व्यक्तिहरूले राष्ट्रलाई दिएको योगदान लेख्नुहोस् ।<br>आयुर्वेद उपचार भनेको के हो ?<br>भलिबल र फुटबल खेल कसरी खेलिन्छ ? नियमसमेत लेख्नुहोस् । | **१५** |

| कक्षा | विशिष्ट उद्देश्य/ सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ८ | -नगरमा शिक्षा सेवा प्रवाहको संरचनाको जानकारी<br>-शिक्षामा गरिने लगानीका श्रोतको पहिचान ।<br>-नगरका शैक्षिक समस्याको पहिचान ।<br>-नगरस्तरको स्वास्थ्य केन्द्रबाट प्राप्त हुने सेवाको जानकारी ।<br>-बिरामीका लागि निशुल्क वितरण हुने औषधीको नामको बताउन ।<br>-कबड्डी, भलिबल, फुटबल जस्ता खेलमा सहभागिता | -नगरमा शिक्षा सेवा प्रवाहको संरचनाको जानकारी दिन ।<br>-शिक्षामा गरिने लगानीका श्रोतको पहिचान ।<br>-नगरका शैक्षिक समस्याको पहिचान ।<br>- नगर स्तरको स्वास्थ्य केन्द्रबाट प्राप्त हुने सेवाको सुविधाको जानकारी ।<br>-विरामीका लागि निशुल्क वितरण हुने कनै ५ औषधीका नाम बताउन ।<br>-कबड्डी भलिबल,-फुटबल जस्ता खेलमा सहभागी हुन । | नगरको शैक्षिक संरचना र सेवा प्रवाहको सूची, शिक्षामा गरिएका लगानीका श्रोतको तालिका, नगरका शैक्षिक समस्याको सूची, स्वास्थ्य केन्द्रबाट प्रदान हुने सुविधाको विवरण, बिरामीलाई प्रदान गरिने कुनै ७ निशुल्क औषधीको नाम, कबड्डी खेलको कोर्ट, खेलका नियमको सूची, | नगरको शैक्षिक संरचना र सेवा प्रवाहको सूची, लगानीका श्रोतको तालिका प्रस्तुत गरी छलफल र अन्तरकिया गराउने । शैक्षिक समस्याको सूची, प्रस्तुत गरी छलफल प्रश्नोत्तर र वर्णन गरिदिने ।<br>स्वास्थ्य केन्द्रबाट प्रदान हुने सुविधाको विवरण, बिरामीलाई प्रदान गरिने कुनै ७ निशुल्क औषधीको नाम बताइदिने, उपर्युक्त विषयवस्तु समावेश गरी हाजिरजवाफ प्रतियोगिता सञ्चालन गर्ने ।<br>कबड्डी कोर्टमा विद्यार्थी सहभागी बनाइ प्रयोग अभ्यास गराउने, भलिबल र फुटबल खेलका नियमको सूची प्रस्तुत गरी प्रयोग अभ्यास समेत गराउने । | नगरको शैक्षिक संरचना कस्तो छ ? लेख्नुहोस् ।<br>यस नगरका शैक्षिक समस्याको सूची बनाउनुहोस् ।<br>-स्वास्थ्य केन्द्रबाट निशुल्क रूपमा प्राप्त हुने कुनै ५ औषधीको नाम लेख्नुहोस् ।<br>जैमिनी नगरका शैक्षिक लगानीका श्रोतको नाम लेख्नुहोस् ।<br>-नियमबद्धरूपमा कबड्डी खेल खेलेर देखाउनुहोस् ।<br>भलिबल र फुटबल खेलमा प्रयोग हुने नियमको सूची तयार पार्नुहोस् । | १५ |

| क्षेत्र : पर्यटन | | | | | | |
|---|---|---|---|---|---|---|
| **कक्षा** | **विशिष्ट उद्देश्य/ सिकाइ उपलब्धि** | **विषय विस्तृतीकरण** | **शैक्षिक सामग्री** | **सिकाइ सहजीकरण प्रक्रिया** | **मूल्याङ्कन** | **पाठ्य घण्टा** |
| कक्षा ६ | -धार्मिक स्थल ( मन्दिर,गुम्बा, चर्चको पहिचान,<br>-फूलबारी, बगैँचा, पहिचान र निर्माण,<br>-पदमार्ग, सूर्योदय, सूर्यास्तको पहिचान<br>-मुख्य पर्यटकीय स्थलको परिचय, | -धार्मिक स्थल ( मन्दिर, गुम्बा, चर्चको पहिचान गर्न<br>-फूलबारी, बगैँचा, निर्माण गर्न,<br>-पदमार्ग, सूर्योदय, सूर्यास्तको पहिचान गर्न<br>-जैमिनीका मुख्य धार्मिक र पर्यटकीय स्थलको परिचय दिन । | -धार्मिक स्थल ( मन्दिर, गुम्बा, चर्च आदिको चित्र,<br>-फूलबारी, बगैँचाको तस्बिर,<br>-पदमार्गको फोटो सूर्योदय, सूर्यास्तको हुने जैमिनीका स्थानहरूको चित्र, जैमिनीका **महत्व**पूर्ण पर्यटकीय स्थलको आकर्षक तस्बिर ।<br>जैमिनीका पर्यटकीय स्थलको सूची | धार्मिक स्थल (मन्दिर, गुम्बा, चर्चको आदिको चित्र प्रस्तुत गरी धार्मिक आस्थाअनुसारका धार्मिक स्थल जानकारी दिने ।<br>-फूलबारी, बगैँचाको तस्बिर प्रदर्शन गरी फूलबारी र बगैँचाका बारेमा बताउने ।<br>-पदमार्गको फोटो सूर्योदय, सूर्यास्तको हुने जैमिनीका स्थानहरूको चित्र प्रस्तुत गरी विभिन्न स्थानहरूको जानकारी दिने ।<br>पर्यटकीय स्थलको आकर्षक तस्बिर प्रदर्शन गरी रमणीय स्थलहरूको क्षेत्र भ्रमण गराउने, जैमिनीका पर्यटकीय स्थलको सूची प्रस्तुत गरी स्थान चिनाउने । | हिन्दुको मन्दिर भने झैँ बौद्धमार्गीको आस्थाको केन्द्रलाई के भनिन्छ ?<br>-फूलबारी र बगैँचाको बिचमा पाइने भिन्नता लेख्नुहोस् ।<br>-जैमिनीका पदमार्ग, सूर्योदय र सूर्यास्त हुँदा रमणीय देखिने स्थानको सूची बनाउनुहोस् ।<br>-जैमिनी नगरका पर्यटकीय स्थलको सूची तयार पार्नुहोस् । | १५ |

| कक्षा | विशिष्ट उद्देश्य/ सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ७ | -मन्दिर, गुम्बा, चर्चको धर्मगत पहिचान र भिन्नता<br>-बगैँचा, भ्यु टावर, पहिचान<br>-पदमार्ग, सूर्योदय, सूर्यास्तको अवलोकन र पर्यटन ।<br>-पर्यटन व्यवसायको महत्व | मन्दिर, गुम्बा, चर्चको धर्मगत पहिचान र भिन्नता बताउन ।<br>-बगैँचा, भ्यु टावर, निर्माण भएका स्थानहरूको परिचय दिन ।<br>-पदमार्ग, सूर्योदय, सूर्यास्त हुँदा रमणीय देखिने स्थानको परिचय दिन ।<br>-पर्यटन व्यवसायको **महत्व** र फाइदा बताउन । | -मन्दिर, गुम्बा, चर्चको धर्मगत पहिचान र भिन्नताको सूची<br>-बगैँचा, भ्यु टावर, निर्माण भएका स्थानहरूको तस्बिर<br>-पदमार्ग, सूर्योदय, सूर्यास्त हुँदा रमणीय देखिने स्थानको चित्र<br>-पर्यटन व्यवसायको **महत्व** र फाइदा समावेश भएको तालिका | -मन्दिर, गुम्बा, चर्चको धर्मगत पहिचान र भिन्नताको सूची प्रदर्शन गर्दै भिन्नताको छलफल गराउने<br>–बगैंचा, भ्यू टावर, निर्माण भएका स्थानहरूको तस्बिर देखाउँदै स्थानका बारेमा जानकारी दिने ।<br>-पदमार्ग, सूर्योदय, सूर्यास्त हुँदा रमणीय देखिने स्थानको चित्र प्रस्तुत गरी अन्तरकिया गर्ने ।<br>-पर्यटन व्यवसायको **महत्व** र फाइदा समावेश भएको तालिका प्रस्तुत गरी छलफल र प्रश्नोत्तर गराउने । | -जैमिनी नगरपालिकामा बसोबास गर्ने मानिसले विश्वास गर्ने धर्मको सूची तयार गर्नुहोस् ।<br>-जैमिनी नगरका बगैँचा र भ्यु टावर निर्माण भएका स्थानको नाम लेख्नुहोस् ।<br>–सूर्योदय र सूर्यास्त हुँदा रमणीय देखिने स्थलको सूची बनाउनुहोस् ।<br>-पर्यटन व्यवसायका फाइदाको सूची तयार पार्नहोस् । | १५ |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ८ | -आन्तरिक र बाह्य पर्यटकको जानकारी,<br>-हरित विद्यालय निर्माण परिचय,<br>-होमस्टे, सांस्कृतिक ग्रामका विशेषताको जानकारी,<br>-पर्यटन व्यवसाय विकास र प्रवर्धन | -आन्तरिक र बाह्य पर्यटकको जानकारी दिन<br>-हरित विद्यालयको फाइदा बताउन ।<br>-होमस्टे, सांस्कृतिक ग्रामका विशेषताको बताउन ।<br>-पर्यटन व्यवसाय विकास र प्रवर्धनका उपाय बताउन । | आन्तरिक र बाह्य पर्यटकको चित्र, भिडियो,<br>-हरित विद्यालयको फाइदाको तालिका, र चित्र,<br>-होमस्टे, सांस्कृतिक ग्रामको परिचय र विशेषताको सूची<br>-पर्यटन व्यवसाय विकास र प्रवर्धनका उपायको सूची । | आन्तरिक र बाह्य पर्यटकको चित्र, भिडियो प्रस्तुत गरी पर्यटनको जानकारी दिने छलफल गराउने ।<br>-हरित विद्यालयको फाइदाको तालिका, र चित्र प्रस्तुत गरी विद्यालयमा हरित विद्यालय निर्माणको प्रयोग अभ्यास गराउने ।<br>-होमस्टे, सांस्कृतिक ग्रामको परिचय र विशेषताको सूची प्रस्तुत गरी छलफल अन्तरकिया र पश्नोत्तर गराउने ।<br>-पर्यटन व्यवसाय विकास र प्रवर्धनका उपायको सूची बनाई अभ्यास गराउने । | आन्तरिक र बाह्य पर्यटन भनेको के हो ?<br>हरित विद्यालय भनेको के हो ?<br>होम स्टे र सांस्कृतिक ग्रामका विशेषताको सूची तयार पार्नुहोस् ।<br>पर्यटन व्यावसाय विकास र प्रवर्धनका उपायको सूची तयार पार्नुहोस् । | १५ |

| क्षेत्र : विपद्, सामाजिक समस्या र सुरक्षा | | | | | | |
|---|---|---|---|---|---|---|
| **कक्षा** | **विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि** | **विषय विस्तृतीकरण** | **शैक्षिक सामग्री** | **सिकाइ सहजीकरण प्रकिया** | **मूल्याङ्कन** | **पाठ्य घण्टा** |
| कक्षा ६ | -भूकम्प, चट्याङ, आगलागी, बाढी, पहिरो आदिबाट बच्ने उपाय<br>-स्थानीय सामाजिक समस्या (छुवाछुत, मानव हिंसा, चक्रवृद्धि ब्याज) मा सचेतना<br>-चोरी डकैती, सडक दुर्घटना, विद्युत् आदिबाट बच्ने उपाय<br>-समावेशीकरणको परिचय | -भूकम्प, चट्याङ्ग, आगलागी, बाढी, पहिरोबाट बच्ने उपाय बताउन ।<br>-स्थानीय सामाजिक समस्या (छुवाछुत, मानव हिंसा, चक्रवृद्धि ब्याज) मा सचेतना बन्न ।<br>-चोरी डकैती, सडक दुर्घटना, विद्युत्बाट बच्ने उपाय बताउन ।<br>- समावेशी समाज निर्माणमा सहयोग पुऱ्याउन । | -भूकम्प, चट्याङ, आगलागी, बाढी, पहिरोबाट बच्ने उपायको सूची चित्र, भिडियो आदि<br>-स्थानीय सामाजिक समस्या (छुवाछुत, मानव हिंसा, चक्रवृद्धि ब्याज) समेटिएको भिडियो वृत्तचित्र,<br>-चोरी डकैती, सडक दुर्घटना, विद्युत्बाट बच्ने उपायको सूची<br>-समावेशी समाज निर्माणमा सहयोग पुऱ्याउने भिडियो, चित्र, पोस्टर, श्रव्यदृश्य सामग्री । | -भूकम्प, चट्याङ्ग, आगलागी बाढी, पहिरोबाट बच्ने उपायको सूची, चित्र, भिडियो प्रस्तुत गरी सहजीकरण गर्ने ।<br>-स्थानीय सामाजिक समस्या (छुवाछुत, मानव हिंसा, चक्रवृद्धि ब्याज,) समेटिएको भिडियो वृत्तचित्र, देखाई सामाजिक समस्याको अन्त्य गर्ने उपाय बताइदिने र प्रश्नोत्तर गर्ने,<br>-चोरी डकैती, सडक दुर्घटना, विद्युत्बाट बच्ने उपायको सूची प्रदर्शन गरी करेन्ट लाग्नबाट बच्ने उपायका विषयमा छलफल वा अन्तरकिया गर्ने<br>-समावेशी समाज निर्माणमा सहयोग पुऱ्याउने भिडियो, चित्र, पोस्टर, श्रव्यदृश्य सामग्री प्रस्तुत गरी समावेशीकरणमा सहयोग गर्ने कार्य स्पष्ट पार्ने, छलफल अन्तरकिया गर्ने । | -भूकम्प, चट्याङ, आगलागी, बाढी, पहिरोबाट बच्ने उपायको सूची बनाउनुहोस् ।<br>-सामाजिक समस्या समाधानका उपाय लेख्नुहोस् ।<br>चोरी, डकैती, सडक, विद्युतीय दुर्घटनाबाट बच्ने उपायको सूची तयार पार्नुहोस् ।<br>-समावेशी समाज निर्माणमा कसरी सहयोग पुऱ्याउन सकिन्छ ? लेख्नुहोस् । | १५ |

| कक्षा | विशिष्ट उद्देश्य/ सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ७ | -भूकम्प, चट्याङ, आगलागी, बाढी, पहिरोमा परेकालाई सहयोग पुऱ्याउन । -स्थानीय सामाजिक समस्या कम गर्ने उपायमा सचेतना, -चोरी, डकैती, सडक दुर्घटना कम गर्ने -सामाजिक जनचेतनामूलक कार्यमा सहभागी हुन । | -भूकम्प, चट्याङ, आगलागी, बाढी, पहिरोमा परेकालाई सहयोग पुऱ्याउन । -स्थानीय सामाजिक समस्या कम गर्ने उपायमा सचेतना, -चोरी, डकैती, सडक दुर्घटना कम गर्ने उपाय बताउन । -सामाजिक जनचेतनामूलक कार्यमा सहभागी हुन । | भूकम्प, चट्याङ, आगलागी, बाढी पहिरोमा परेका व्यक्तिलाई सहयोग गरिरहेको चित्र वा भिडियो । -स्थानीय सामाजिक समस्या कम गर्ने उपायको सूची, -चोरी, डकैती, सडक दुर्घटना कम गर्ने उपायको सूची, -सामाजिक जनचेतनामूलक कार्यमा सहभागी भएको चित्र वा भिडियो । | भूकम्प, चट्याङ, आगलागी बाढी, पहिरोमा परेका व्यक्तिलाई सहयोग गरिरहेको चित्र, भिडियो प्रस्तुत गरी सहजीकरण गर्ने, छलफल गर्ने तथा प्रश्नोत्तर गराउने । -स्थानीय सामाजिक समस्या कम गर्ने उपायको सूची प्रस्तुत गरी अन्तरकिया गर्ने, -चोरी, डकैती, सडक दुर्घटना कम गर्ने उपायको सूची देखाएर यसबाट बच्ने उपायकाबारेमा जानकारी दिने । -सामाजिक जनचेतनामूलक कार्यमा सहभागी भएको चित्र वा भिडियो प्रदर्शन गरी जनचेतनामूलक कार्यको सूची बताउने । | भूकम्प, चट्याङ, आगलागी, बाढी, पहिरोमा परेका व्यक्तिलाई कसरी सहयोग गर्न सकिन्छ ? -सामाजिक समस्या कम गर्ने उपायको सूची तयार पार्नुहोस् । -चोरी, डकैती, सडक दुर्घटनाबाट बच्ने कुनै ३ उपाय लेख्नुहोस् । -सामाजिक जनचेतनामूलक कार्यमा सहभागी हुन कसरी सकिन्छ ? लेख्नुहोस् । | १५ |

| कक्षा | विशिष्ट उद्देश्य/ सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ८ | -स्थानीय सामाजिक समस्या समाधान गर्ने उपायमा सहभागी हुन ।<br>-विद्युतीय उपकरण प्रयोगमा सचेतना,<br>-ट्राफिक शिक्षाको जानकारी<br>-चोरी डकैतीबाट बच्ने उपाय बताउन । | -स्थानीय सामाजिक समस्या समाधानमा गर्ने उपायमा सहभागी हुन ।<br>-विद्युतीय उपकरण प्रयोगमा सचेतना अपनाउन ।<br>-ट्राफिक शिक्षाको जानकारी लिन वा दिन ।<br>-चोरी, डकैतीका घटनाको न्यूनीकरणका उपाय बताउन । | -सामाजिक समस्या समाधान गर्ने उपायको सूची, चित्र, विद्युतीय उपकरणको सूची,<br>-ट्राफिक सङ्केतको चार्ट<br>- चोरी, डकैतीका घटनाको न्यूनीकरणका उपायको सूची | -सामाजिक समस्या समाधान गर्ने उपायको सूची, चित्र प्रस्तुत गरी छलफल र अन्तरकिया गराउने ।<br>विद्युतीय उपकरणको सूची देखाई त्यसबाट हुनसक्ने दुर्घटनाका बारेमा छलफल गराउने ।<br>-ट्राफिक सङ्केतको चार्ट देखाई ती सङ्केतका बारेमा छलफल गराउने । | -सामाजिक समस्या समाधान गर्ने कुनै तीन उपाय लेख्नुहोस् ।<br>विद्युतीय दुर्घटनाबाट बच्ने कुनै दुई उपाय लेख्नुहोस् ।<br>चोरी, डकैतीका घटनाको न्यूनीकरणका लागि अपनाइने कुनै पाँच उपायको सूची बनाउनुहोस् । | १५ |

| क्षेत्र : सूचना र प्रविधि | | | | | | |
|---|---|---|---|---|---|---|
| **कक्षा** | **विशिष्ट उद्देश्य/ सिकाइ उपलब्धि** | **विषय विस्तृतीकरण** | **शैक्षिक सामग्री** | **सिकाइ सहजीकरण प्रकिया** | **मूल्याङ्कन** | **पाठ्य घण्टा** |
| कक्षा ६ | -परम्परागत सूचना प्रविधिको नाम भन्न<br>–मुद्रित सामग्रीको प्रयोग विधि बताउन ।<br>-मोबाइल एपको नाम बताउन ।<br>-मोबाइल एपको प्रयोग बताउन ।<br>-सिकाइमा सञ्चारका साधनको प्रयोग गर्न । | -समुदायमा प्रचलित परम्परागत सूचना प्रविधिका साधनको सूची बनाई नाम भन्न,<br>-मुद्रित सूचना र विद्युतीय सूचना प्रविधिका साधनको नाम बताउन,<br>-टिभी कम्प्युटरबाट आफूलाई आवश्यक सामग्रीको खोजी गर्न,<br>-मोबाइल एप इन्स्टल गरी प्रयोग गर्न,<br>-सिकाइमा सञ्चारका साधनहरूको प्रयोग अभ्यास गर्न । | परम्परागत सूचनाका साधनहरूको सूची,<br>सूचनाका मुद्रित र विद्युतीय सामग्रीको सूची वा चार्ट,<br>-विभिन्न मोबाइल एपको सूची, मोबाइलमा एप इनिस्टल भएको मोबाइल, कम्प्युटर, | –छलफल गराउने,<br>-प्रश्नोत्तर, गराउने<br>-परियोजना कार्य गराउने, कम्प्युटर, मोबाइल, टिभी प्रदर्शन गरी त्यसमा उपलब्ध हुने शैक्षिक सामग्री प्रदर्शन गर्ने, सिकाइमा सञ्चारका साधनको प्रयोग विधिको अभ्यास गराउने ।<br>मुद्रित र विद्युतीय साधनलाई चिनाउने । | -परम्परागत सूचना प्रविधिका कुनै चार साधनको सूची बनाउनुहोस् ।<br>-मुद्रित र विद्युतीय सामग्रीको सूची बनाउनुहोस् ।<br>-सिकाइमा मोबाइल एपको प्रयोग कसरी गर्न सकिन्छ ? प्रयोग गरेर देखाउनुहोस् । | १३ |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ७ | -परम्परागत सूचना प्रविधिका साधनको सूची बनाउन ।<br>–फेसबुक, भाइवर खोल्न । सूचना प्रविधिका फाइदा बताउन ।<br>-कम्प्युटरको प्रयोग गरी आफ्नो सामान्य काम गर्न ।<br>-मोबाइल एपको प्रयोग गरी सर्च ब्राउजर चिन्न ।<br>-आधुनिक सूचना प्रविधिको प्रयोग गर्न । | -समुदायमा प्रचलित सूचना प्रविधिका साधनको सूची बनाउन ।<br>-फेसबुक भाइबरको प्रयोग बताउन ।<br>-टिभी, कम्प्युटरबाट आफूलाई आवश्यक पर्ने विषयवस्तु खोज्न ।<br>-मोबाइल एपको प्रयोगबाट सूचना प्राप्त गर्न ।<br>-सूचना प्रविधिका कुनै ३ फाइदा वा महत्व बताउन । | परम्परागत सूचनाका साधनको सूची,<br>सूचनाका मुद्रित र विद्युतीय सामग्रीको सूची वा चार्ट,<br>-विभिन्न मोबाइल एप, इनिस्टल भएको मोबाइल, कम्प्युटर,<br>सूचना प्रविधिको फाइदाको सूची | -छलफल र प्रश्नोत्तर विधि प्रयोग गर्दै सूचना प्रविधिका साधनका बारेमा जानकारी दिने ।<br>–परियोजना कार्यमार्फत फेसबुक, भाइवर, एपको प्रयोग गरी देखाउने ।<br>-सिकाइमा सूचना प्रविधिको महत्व प्रस्ट्याउन प्रयोगात्मक कार्य गराउने । सूचना प्रविधिको फाइदाको सूची प्रदर्शन गर्ने, मोबाइलमा कम्प्युटरमा सर्च ब्राउजर चिनाउने । | कुनै तीन ओटा पराम्परागत सूचना प्रविधिका साधनको नाम लेख्नुहोस् ।<br>फेसबुक, भाइबरबाट केकस्ता विषयवस्तु देखाउन मिल्छ ? लेख्नुहोस् ।<br>प्रविधिको **महत्व** र आवश्यकता उल्लेख गर्नुहोस् । | १३ |

| कक्षा | विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि | विषय विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रकिया | मूल्याङ्कन | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| कक्षा ८ | -परम्परगत सूचना प्रविधिका साधन ( बन्दुक, कर्नाल, दमाहा, शङ्ख) बजाउन वा अभ्यास गर्न ।<br>–कम्प्युटर प्रयोग गरी जिमेल खोल्न र सूचना आदानप्रदान गर्न ।<br>-साइबर सुरक्षा र अपराधको परिचय दिन ।<br>-इन्टरनेटका माध्यमबाट सिकाइमा सरिक हुन ।<br>-आधुनिक सूचना प्रविधिको **महत्व** बताउन । | -परम्परगत सूचना प्रविधिका साधन ( बन्दुक, कर्नाल, दमाहा, शङ्ख) बजाउन वा अभ्यास गर्न ।<br>–टिभी, कम्प्युटर प्रयोग गरी जिमेल खोल्न र सूचना आदानप्रदान गर्न ।<br>-साइबर सुरक्षा र अपराधको परिचय दिन ।<br>-इन्टरनेटका माध्यमबाट सिकाइमा सरिक हुन ।<br>-आधुनिक सूचना प्रविधिको **महत्व** बताउन । | परम्परागत सूचनाका साधनको सूची, चित्र, वस्तु । इन्टरनेट जोडिएको कम्प्युटर, जिमेल, भाइबर, फेसबुक, प्रयोग गर्दै गरेको भिडियो । आधुनिक सूचना प्रविधिका साधन | -छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग गर्दै सूचना प्रविधिका साधनको प्रयोगात्मक अभ्यास गराउने,<br>-परम्परागत सूचना प्रविधि र आधुनिक सूचना प्रविधिको भिन्नता बताइदिने ।<br>-जिमेल, फेसबुक, भाइबर प्रयोग गरी सिक्न सकिने कुराहरू बताइदिने,<br>साइबर अपराध र त्यसको सुरक्षाका लागि गरिने कार्यका बारेमा छलफल गराउने ।<br>कम्प्युटरमा आआफ्नो जिमेल खोली सेभ सञ्चार गर्ने सिप सिकाउने । | हाम्रो व्यवहारमा प्रयोग हुने परम्परागत सूचनाका कुनै एक साधन बजाएर देखाउनुहोस् ।<br>-परम्परागत सूचना प्रविधिका साधन र आधुनिक सूचना प्रविधिका साधनको भिन्नता लेख्नुहोस् ।<br>-फेसबुक र भाइबरबाट कसरी सञ्चार गर्न सकिन्छ लेख्नुहोस् ?<br>साइबर अपराधको परिचय दिई त्यसको सुरक्षाका लागि अपनाइने कुनै दुई उपाय लेख्नुहोस् । | १३ |

| क्षेत्र : नैतिक मूल्य मान्यता र सदाचार | | | | | | |
|---|---|---|---|---|---|---|
| **कक्षा** | **विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि** | **विषय विस्तृतीकरण** | **शैक्षिक सामग्री** | **सिकाइ सहजीकरण प्रक्रिया** | **मूल्याङ्कन** | **पाठ्य घण्टा** |
| **कक्षा ६** | ● नैतिक आचरणको परिचय दिइ असल नैतिक आचरणको बारेमा भन्न ।<br>● विद्यार्थीलाई आफ्नो भविष्यको सपना बताउन ।<br>● सकारात्मक विचार भनेको के हो यो कसरी आउँछ भन्न ।<br>● सृजनात्मकताको परिचय दिई कसरी सृजनशील भइन्छ बताउन | ● नैतिक आचरण र सकारात्मक विचार<br>● सृजनात्मकता<br>● दिनचर्या | | ● नैतिक आचरणको उदाहरण दिई विद्यार्थीहरूलाई असल नैतिक आचरणको सूची बनाउन लगाउने ।<br>● विद्यार्थीलाई आफ्नो भविष्यको बारेमा छलफल गर्न लगाउने उनीहरूले भविष्यमा कस्तो बन्ने सपना देखेका छन् छलफल गर्ने ।<br>● विद्यार्थीहरूलाई उदाहरण दिएर सकारात्मक विचारका बारेमा शिक्षकले प्रष्ट पारिदिने ।<br>● विद्यार्थीहरूलाई समूहमा छलफल गर्न लगाई सृजनात्मकताको परिचय दिई कसरी सृजनशील भइन्छ शिक्षकले बताउने ।<br>● दिनचर्यामा गर्नैपर्ने कामबारे बताइदिन | ● नैतिक आचरणको कुनै दुई उदाहरण दिनुहोस् ।<br>● तपाईंको भविष्यको सपना एक अनुच्छेलमा लेख्नुहोस् ।<br>● सकारात्मक विचार भनेको के हो ?<br>सृजनात्मकताको परिचय दिनुहोस्<br>●तपाईंको दिनचर्या साथीलाई सुनाउनुहोस् । | |

| क्षेत्र : नैतिक मूल्य मान्यता र सदाचार | | | | | | |
|---|---|---|---|---|---|---|
| **कक्षा** | **विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि** | **विषय विस्तृतीकरण** | **शैक्षिक सामग्री** | **सिकाइ सहजीकरण प्रकिया** | **मूल्याङ्कन** | **पाठ्य घण्टा** |
| कक्षा ७ | ●आत्मअनुशासनको परिचय दिन ।<br>●प्रभावकारी सञ्चारको परिचय दिई प्रभावकारी सञ्चार गर्ने उपाहरू बताउन ।<br>असल संस्कारको सूची तयार गरी असल संस्कारको फाइदा बताउन । | ●आत्मअनुशासन<br>●प्रभावकारी सञ्चार<br>असल संस्कार<br>● लागु पदार्थ दुर्व्यसन | | ● आत्मअनुशासनको परिचय दिई आत्मअनुशासन कायम राख्ने उपायबारे छलफल गर्ने ।<br>● प्रभावकारी सञ्चारको परिचय दिई प्रभावकारी सञ्चार गर्ने उपाहरू छलफल गर्ने ।<br>● असल संस्कारको सूची तयार गरी असल संस्कारको फाइदाहरूको बारे छलफल गर्ने ।<br>● लागुपदार्थ र दुर्व्यसनले जीवनमा पार्ने नकारात्मक प्रभावका बारेमा बताइदिने । | ●आत्मअनुशासनको परिचय दिनुहोस् ।<br>●प्रभावकारी सञ्चारको परिचय दिई प्रभावकारी सञ्चार गर्ने उपाहरू बताउनुहोस् ।<br>●असल संस्कारको सूची तयार गरी अशल संस्कारको फाइदा बताउनुहोस् ।<br>●लागुपदार्थ र दुर्व्यसन नियन्त्रण गर्न पालिकाले के गर्नुपर्ला ? छलफल गर्नुहोस् । | |

| क्षेत्र : नैतिक मूल्य मान्यता र सदाचार | | | | | | |
|---|---|---|---|---|---|---|
| **कक्षा** | **विशिष्ट उद्देश्य/सिकाइ उपलब्धि** | **विषय विस्तृतीकरण** | **शैक्षिक सामग्री** | **सिकाइ सहजीकरण प्रकिया** | **मूल्याङ्कन** | **पाठ्य घण्टा** |
| **कक्षा ८** | ●साथी साथी वा अन्य व्यक्तिसँग हुने असल र खराब स्पर्श बताउन<br>● घर, समाज, विद्यालयमा हुने द्वन्द्वको व्यवस्थापन गर्ने सिप हासिल गर्न | ●असल र खराब स्पर्श<br>●द्वन्द्व व्यवस्थापन | | ●किशोर अवस्थामा हुने सम्वेगात्मक परिवर्तनका बारेमा छलफल गराइ साथी साथी बीचमा हुने माया, मित्रता, रोमान्स, असल र खराब स्पर्श बारेमा छलफल गर्ने र यस्तो अवस्थामा गर्नुपर्ने व्यवस्थापनका बारेमा शिक्षकले प्रष्ट पार्ने ।<br>● घर, समाज, विद्यालयमा हुने द्वन्द्वको कारण र व्यवस्थापन गर्ने सिपबारे छलफल गर्ने | ●साथी साथी वा अन्य व्यक्तिसँग हुने असल र खराब स्पर्श के के हुन् ? सूची तयार गर्नुहोस् ।<br>●समुदायमा हुने कुनै द्वन्द्वको व्यवस्थापन कसरी गर्नुहुन्छ ? | |

## तेस्रो : परिच्छेद

## प्रक्रिया, विधि र मूल्याङ्कन

### ३.१ स्थानीय पाठ्यक्रम विकास एवम् कार्यान्वयनमा विभिन्न निकायको भूमिका

(क) विद्यार्थी : आधारभूत तह कक्षा १- ८ पढने विद्यार्थीको रुचि, आवश्यकता र चाहनालाई आधार मानेर स्थानीय पाठ्यक्रम विकास गर्नुपर्छ । जुन भूगोल र समुदायका बालबालिकाका लागि पाठ्यक्रम विकास गरिएको छ त्यसले उक्त भूगोल र समुदायसँग सम्बन्धित सिकाइ अनुभव एवम् विषयवस्तुलाई सम्बोधन गर्नुपर्छ ।

(ख) शिक्षक : विद्यार्थीको उमेर, रुचि, क्षमता, शैक्षिक सामग्रीको उपलब्धता, विद्यालयको वातावरण, पाठ्यक्रमबाट प्राप्त उपलब्धि, विषयवस्तु आदिका पक्षमा गहन छलफल गरी विकास गर्नुपर्छ ।

(ग) अभिभावक : विद्यार्थीका अपेक्षा, आवश्यक विषयवस्तु, सिकाइ प्रक्रिया आदि विषयका बारेमा छलफल गरी सुझाव दिनुपदर्छ ।

(घ) शिक्षक-अभिभावक सङ्घ : बालबालिकाको अध्ययन अध्यापन, सिकाइ प्रक्रिया, स्थानीय पाठ्यक्रमका विषयवस्तु र कार्यान्वयनका बारेमा छलफल गरी सुझाव दिनुपर्छ ।

(ङ) विद्यालय व्यवस्थापन समिति : स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका क्रममा देखापर्ने वा आइपर्ने समस्या र सो समाधानका बारेमा छलफल गरी सुझाव दिनुपर्छ ।

(च) वडा कार्यालयः वडा शिक्षा समितिले आफ्नो वडावासी विशेष गरी बालबालिका लक्षित स्थानीय आवश्यकता र स्थानीय सिकाइ अनुभवसहित आवश्यक सुझाव दिनुपर्छ । यसका अतिरिक्त स्थानीय पाठ्यक्रमको विकास र लागु गर्नका लागि क्षमता विकासमा स्रोतको प्रबन्धमा समेत सहजीकरण गर्नु पर्दछ ।

(छ) गाउँ कार्यपालिकाको कार्यालय : स्थानीय पाठ्यक्रम समन्वय समिति तथा गाउँपालिका शिक्षा समितिको प्रत्यक्ष समन्वय र निर्देशनमा समग्र गाउँपालिका क्षेत्रका सवै सिकाइ अनुभव र सिकाइका क्षेत्र केन्द्रित विषयवस्तु एवम् पाठ्यसामग्री स्थानीय पाठ्यक्रममा समावेश भए नभएको यकिन गरी र सहज तथा प्रभावकारी कार्यान्वयनका लागि अनुगमन सपुरिवेक्षणसहित उपयुक्त राय सुझाव प्रदान गर्नुका अतिरिक्त आवश्यकताअनुसार प्राविधिक कार्यदल गठन र कार्यक्षेत्राधिकार प्रदान गर्नुपर्छ । यसको विकास र प्रभावकारी लागु एवम् कार्यान्वयनका लागि स्रोतसाधनको व्यवस्थाको अतिरिक्त विद्यालयमा कार्यरत शिक्षक जनशक्ति क्षमता विकासको अवसर र वातावरण तयार गर्नुपर्छ ।

## ३.२ सिकाइ सहजीकरण क्रियाकलाप

स्थानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षाभित्र भन्दा बाहिर गरिने क्रियाकलापमा जोड दिनुपर्दछ। यसका लागि स्थलगत अवलोकन, विषयवस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल तथा अन्तर्क्रिया आदि गराउन सकिन्छ। सैद्धान्तिकभन्दा व्यावहारिक र बालकेन्द्रित सिकाइ विधिहरू अपनाउनुपर्दछ । धार्मिक एवम् पर्यटकीय क्षेत्रका बारेमा शिक्षण गर्नका लागि बालबालिकालाई स्थानीय पर्यटकीय महत्त्वको स्थानको भ्रमण र अवलोकन गराई छलफल गराउनुपर्छ । त्यस्तै स्थानीय पर्यटन व्यवसायीसँग भेट गराई छलफल गराउन पनि सकिन्छ । पर्यटन व्यवसायलाई विकास गर्ने विभिन्न वस्तुको खोजी गराउने क्रियाकलाप गराउन पनि सकिन्छ। स्थानीय सामाजिक सांस्कृतिक क्षेत्रको सिकाइ सहजीकरणका लागि क्षेत्र भ्रमण, परियोजना कार्य आदिलाई जोड दिनुपर्छ। त्यसैगरी अन्य विषयवस्तुका लागि पनि त्यससँग सम्बन्धित व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय आवश्यकता र अनुकूलताअनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रयोगात्मक अभ्यास, प्रदर्शन, सहभागिता, परियोजना कार्य, प्रश्नोत्तर, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप र विधि प्रयोगमा ल्याउन सकिन्छ । यसरी बढीभन्दा बढी प्रयोग, अवलोकन र अभ्यासको वातावरण तयार गर्ने एवम् खोज र अन्वेषण जस्ता गरेर सिक्ने विधिलाई सिकाइ सहजीकरण कार्य गर्दा जोड दिनुपर्छ।

## ३.३ कक्षा १ देखि ३ सम्मका लागि सिकाइ सहजीकरण विधि र प्रक्रिया

कक्षा १-३ पाठ्यक्रमले विद्यार्थीबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरूले गर्ने सम्पूर्ण क्रियाकलापहरू सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन्। एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरू अवलम्बन गर्नुपर्ने हुन्छ। यस पाठ्यक्रमले सिकाइलाई प्रभावकारी र दिगो बनाई उनीहरूको स्थानीय विषयवस्तु र आवश्यकताअनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरकियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यसअनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरूलाई शैक्षणिक सामग्रीको रूपमा प्रयोग गर्नुपर्छ । समयको मागबमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनुपर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रूपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकताअनुसार प्रविधिका साधनहरूको प्रयोग गर्नुपर्ने हुन्छ । कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरूलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार

स्थानीय विषयका क्षेत्रहरू र अन्य विषयहरू ( नेपाली, अङ्ग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तु सहजीकरण गर्दा आवश्यकताअनुसार स्थानीय विज्ञहरूको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरूलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नुपर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनुपर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तु विद्यार्थीको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिकभन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रीतिरिवाज, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरूको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरूले, अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रूपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

**सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन तरिका**

कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यसअन्तर्गत बहुविषयक (विषय अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।

पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरूप एकीकृत सिकाइका लागि शिक्षकले एकीकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरूसँगसमेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरूको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरूको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाइका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाइका लागि उनीहरूलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफैँ सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरूमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना

कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरूले स्थानीयसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारूलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनुपर्ने छ ।

- सिकारुहरूले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरू एक आपसमा आदानप्रदान गरी सहपाठीहरूको सहयोग र सहकार्यमा सिक्न तरिकाहरू अवलम्बन गर्नुपर्ने छ ।
- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्त्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरू सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरूमा सहभागी गराउनुपर्ने छ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युगसापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरू, विद्युतीय सामग्रीहरू तथा वेभमा आधारित सामग्री र विधिहरूलाई सकेसम्म प्रयोग गर्ने कोसिस गर्नुपर्ने छ ।

### ३.४ कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरूमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ। सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्दछ। यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ । एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैँ र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ। सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ। आधारभूत शिक्षाअन्तर्गत कक्षा ६-८ को यो पाठ्यक्रमा समावेश गरिएका विषयवस्तुहरू प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ। सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनक्रमलाई बालबालिकाले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री

शिक्षण विधि अपनाउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तुहरू स्थानीय ज्ञान, सीपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिकभन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुस्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढी नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइमार्फत बालबालिकाहरूमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।

**सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन तरिका**

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरू सहजीकरण गर्न निम्न विधि प्रयोग गर्न सकिने छ ।

- प्रयोगात्मक विधि : गरेर सिक्ने क्रियाकलापहरू यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरूवा तथा जनावरको हेरचाह, वृक्षरोपण, पशुपालन, पक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्धारा प्रदर्शन आदि ।
- अवलोकन र परियोजना विधि : गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरूको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रियहरूको प्रयोगद्वारा सिक्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दछन् ।
- क्षेत्र भ्रमण विधि : कक्षाकोठा बाहिर रहेका वस्तुहरूको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, वन, पोखरी, ताल, आदि ।
- छलफल विधि : कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रूपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्व, संरक्षण गर्ने उपायहरू, धार्मिक सम्पदाको संरक्षणका उपायहरू, बालबगैँचाको महत्त्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरू आदि । समस्या समाधान विधि : कुनै समस्या दिई समाधानको लागि उपायहरू पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्पखेती गर्ने, बाँसको चोयाबाट डालो बुन्ने, मकैको खोस्टो/खोसेलो/खोसेल्टोचकटी बुन्ने, वृक्षरोपण गर्ने, सरसफाइ गर्ने आदि ।
- प्रश्नोत्तर : जुनसुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षाकार्य वा समूहकार्य गराउँदा, विषयवस्तुको प्रस्तुति अघि, प्रस्तुतीकरणको समय र प्रस्तुति, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ ।

- घटना अध्ययन : वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाई प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्याङ, तरकारीखेती, कुखुरापालन आदि ।
- प्रदर्शन विधि : कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : गाउँपालिकाको नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शनसमेत पर्दछ । जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालको भिडियो आदि ।
- सोधखोज विधि : विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ ।
- कथाकथन विधि : विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ ।

माथि उल्लेख गरिएका विधिहरूका अतिरिक्त विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरूको समेत प्रयोग गर्न सकिन्छ । विधिहरूको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरूको प्रयोग गर्न सकिन्छ । जस्तै : मस्तिष्क मन्थन, जिग्सअ, सोच-जोडीमा छलफल-आदान प्रदान, जोडीमा पढाइ र जोडीमा सारांश, सङ्क्षिप्त लेखन, मान्यता, घुलमिल/स्थिर/जोडी आदि ।

### ३.५ विद्यार्थी मूल्याङ्कन प्रक्रिया

स्थानीय विषयको पठनपाठनपछि विद्यार्थी मूल्याङ्कनका निम्न तरिकाहरू अवलम्बन गरिने छ :

१. आधारभूत तहमा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने भएकाले यस पाठ्यक्रमको कार्यान्वयन र विद्यार्थी मूल्याङ्कनमा पनि यही पद्धतिलाई अनुसरण गरिने छ ।

२. स्थानीय विषयको पठनपाठनद्वारा विद्यार्थीहरूले गरेर, अवलोकन गरेर सिक्ने भएकाले नियमित विद्यार्थी अवलोकन गरेर, पृष्ठपोषण प्रदान गरी प्राप्त प्रतिवेदनको आधारमा मूल्याङ्कन गरिने छ ।

३. प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) फाइल रहने छ र त्यसभित्र विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, व्यवहारिक परिवर्तन, अवलोकन, हाजिरी, सामूहिक कार्यमा सक्रियताका अभिलेख रहने छ र त्यस आधारमा मूल्याङ्कन गरिने छ ।

४. कक्षा १-३ को विद्यार्थी मूल्याङ्कनका लागि निरन्तर मूल्याङ्कन पद्धति (Continuous Assessment System-CAS) अपनाउनुपर्दछ । जसमा सैद्धान्तिक तथा प्रयोगात्मक क्रियाकलापहरू समावेश गर्नुपर्दछ ।

यसैका आधारमा कक्षोन्नति गरिने छ । यसका लागि निरन्तर मूल्याङ्कन पद्धतिको अनुसूची फारम प्रयोगमा ल्याउनुपर्ने छ ।

५. कक्षा ४-८ मा ५०% निरन्तर मूल्याङ्कन पद्धति (निर्माणात्मक पद्धति) र ५०% निर्णयात्मक (वार्षिक परीक्षा) बाट विद्यार्थीको मूल्याङ्कन गरिने छ । विद्यार्थीको कक्षोन्नति निर्माणात्मक र निर्णयात्मक दुबै पद्धतिका आधारमा गरिने छ ।

६. निर्माणात्मक मूल्याङ्कनमा औसत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक, कक्षा वा विषय शिक्षक, र प्र. अ. को निर्णयबाट कक्षोन्नति गर्न सकिने छ ।

७. विद्यार्थीहरूको मूल्ल्याङ्कन गर्दा ज्ञान तथा बोध तहका (Knowledge Level) अति छोटा प्रश्नहरू, सामान्य बुझाईका आधारमा उत्तर दिने छोटा प्रश्नहरू समेट्नु पर्दछ । त्यसैगरी विष्लेषण गर्ने, अनुसन्धान गर्ने, विभिन्न सामानका नमुनाहरू बनाई प्रस्तुत गर्ने, कुनै कामहरू आफै गर्न सक्ने र विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि सिप तहका (Skill Level) प्रश्नहरू समेट्नुपर्दछ । यसका साथै व्यावहारिक परिवर्तन (Attitude) सँग सम्बन्धित किसिमका प्रश्नहरू समावेश गर्नुपर्ने छ ।

८.. प्रयोगात्मक क्रियाकलापको मूल्याङ्कन गर्दा अध्ययन भ्रमणको प्रतिवेदन, विभिन्न नमुनाहरू बनाई प्रस्तुत गर्ने, विषयवस्तुसँग सम्बन्धित रही अभिनय गरेर देखाउने आदि क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ । यसभित्र विषयवस्तुको ज्ञान, बोध, सिपको क्षमता, बुझाइको प्रस्तुतीकरण, व्यवहार परिवर्तन जस्ता पक्षहरू समेट्नुपर्ने छ ।

९. प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा स्थानीय वातावरण, प्रदूषण, फोहोर व्यवस्थापन, रहनसहन, रीतिरिवाज, प्रकोप/विपद्, सामाजिक मूल्यमान्यता तथा स्थानीय पेसा व्यवसायलाई समेट्ने किसिमका क्रियाकलापहरू गराउनुपर्ने छ ।

१०. कक्षा १ देखि ८ सम्मको निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि रुब्रिक्सको विकास गरिने छ । रुब्रिक्सलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्ग बनाइने छ ।

११. विद्यार्थी मूल्याङ्कनसम्बन्धी अन्य विधि र प्रक्रिया राष्ट्रिय पाठ्यक्रम प्रारूपमा उल्लेख गरेको प्रावधान प्रतिकूल नहुने गरी हुने छ ।

***मूल्याङ्कनसम्बन्धी विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।***

### ३.६ पाठ्यक्रमको कार्यान्वयन प्रक्रिया

हाम्रो सियारी पाठ्यक्रमको कार्यान्वयन गर्न प्रधानाध्यापक र शिक्षकको भूमिका महत्त्वपूर्ण हुने छ । विद्यार्थीहरूलाई स्थानीय वातावरणको अवलोकन गराइने छ । परियोजना कार्य र प्रतिवेदनको माध्यम अबलम्बन गरिने छ । समूदायका बुद्धिजीवी, शिक्षाप्रेमी, समाजसेवी एवम् सम्बन्धित विषय, क्षेत्रमा जानीफकार व्यक्तिहरू स्रोतव्यक्तिको रूपमा रहनेछन् । विद्यालयहरूले यस पाठ्यक्रम कार्यान्वयनका

क्रममा स्थानीय भाषा र नेपाली भाषा अवलम्बन गर्न सक्ने छन् । विषयवस्तुमा समावेश प्रमुख क्षेत्र/स्थलमा अवलोकन भ्रमण गराइने छ । विद्यार्थीहरूको समूहकार्य, अन्तरक्रियालाई जोड दिइने छ । पाठ्यक्रममा आधारित भई पाठ्यसामग्रीको विकास गर्नुका साथै शिक्षकहरूलाई विषयवस्तु तथा सहजीकरण प्रक्रिया सम्बन्धी अभिमुखीकरण, तालिम आदिको व्यवस्था गरिने छ ।

प्रस्तुत पाठ्यक्रमको कार्यान्वयनका लागि पाठ्यसामग्री लेखन कार्य गरिने छ । यो पाठ्यक्रमअनुसार शैक्षिक सत्र २०८० बाट पठनपाठन हुने छ । पाठ्यक्रमअनुरूपको पाठ्यपुस्तकको निर्माण उच्च तहका पाठ्यपुस्तक, राष्ट्रिय पाठ्यक्रमअनुरूपका विद्यालय तहका पाठ्यपुस्तक र स्थानीय पाठ्यक्रमअनुसार पाठ्यपुस्तक लेखन कार्य गरेका अनुभवी विशेषज्ञलाई जिम्मा दिई यसै शैक्षिक सत्रभित्र पूरा गरिने छ । पाठ्यक्रममा कार्यान्वयनमा स्थानीय पाठ्यसामग्रीहरूको आवश्यक पर्ने भएकाले शिक्षक, अभिभावक र विद्यार्थीहरू मार्फत स्थानीय शैक्षिक सामग्रीको सङ्कलन र प्रयोग गर्न सकिन्छ ।

### ३.७ समय निर्धारण

औपचारिक शिक्षाका पाठ्यक्रम तयार गर्दा समयको पनि ख्याल गरिनुपर्दछ । स्थानीय विषयलाई छुट्याइएको समय अवधिभित्र रहेर विषयवस्तुको चयन गर्नुपर्दछ । उक्त विषयलाई साप्ताहिक रूपमा कति समय छुट्याइएको छ, सो को आधारमा एक शैक्षिक सत्रलाई कति घन्टा हुन्छ र सो समयावधिभित्र कति विषयवस्तु पठनपाठन गर्न सकिन्छ, त्यति नै विषयवस्तु छनोट गर्नुपर्दछ । समग्रमा विषयवस्तु र समयको तालमेल मिलाइसकेपछि त्यसभित्र पनि कुनै एकाइ वा पाठलाई अनुमानित कति समय चाहिन्छ, छुट्याउनु राम्रो हुन्छ । वर्षभरिमा विद्यालय खुल्ने दिन कति हो, खुलेका दिनमध्ये कति दिन पठनपाठन गर्ने, परीक्षा सञ्चालनका लागि कति समय आवश्यक पर्छ, यी सबै कुरालाई विचार पुऱ्याएर पाठ्यक्रम निर्माणकै कममा शिक्षण सिकाइ, क्रियाकलाप र मूल्याङ्कनका लागि अनुमानित समय (पाठ्यभार) विभाजन गर्न जरुरी हुन्छ । यसरी पाठ्यक्रम तयारीकै क्रममा समय विभाजन गर्न सकियो भने शिक्षकले वार्षिक, मासिक योजना बनाउन र विषयवस्तुको आधारमा एकाइ तथा पाठयोजना बनाउन सजिलो हुन्छ । वि.सं. २०८० देखि कक्षा १-८ का सबै कक्षामा कार्यान्वयन हुने आधारभूत तहको स्थानीय पाठ्यक्रमअन्तर्गत कक्षा १-३ मा साप्ताहिक पाँच पाठ्यघन्टा अर्थात् वार्षिक १६० घन्टा छुट्याइएको छ भने ४-८ कक्षामा साप्ताहिक ४, पाठ्यघन्टा अर्थात् वार्षिक १२८ घन्टा छुट्याइएको छ । पाठ्यांशअनुसार विद्यार्थीहरूलाई अध्ययन/अवलोकन भ्रमण/प्रयोगात्मक क्रियाकलापलाई पनि अध्ययन अवधिमा मिलान गरिने छ ।

### ३.८ पाठ्यक्रम परिमार्जन

समय परिर्वतनशील हुने भएकाले सूचना तथा सञ्चार प्रविधिमा आएको परिवर्तनसँगै व्यक्ति तथा समुदायको पनि इच्छा, आकाङ्क्षा र आवश्यकताहरू पनि परिवर्तन हुन्छन् । उक्त चाहना तथा आवश्यकताहरू पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सकोस् । यसैअनुरूप यो पाठ्यक्रम पनि सामाजिक आवश्यकतालाई सम्बोधन गर्न

आवश्यकताअनुसार परिमार्जन हुने छ । यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको खोज, अनुसन्धान र अध्ययन गरी प्राप्त निष्कर्षलाई यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ ।

## ३.९ स्थानीय विषय अध्यापन गर्ने शिक्षकलाई सल्लाह र सुझाव

स्थानीय पाठ्यक्रम स्थानीयता केन्द्रित हुन्छ । स्थानीय आवश्यकताको जगमा स्थानीय सरोकारवालाको सक्रिय सहभागितामा स्थानीय पाठ्यक्रम तयार हुन्छ । यो लचिलो प्रकृतिको हुने भएकाले समय, सन्दर्भ र आवश्यकताको आधारमा यसलाई सहजै परिष्कृत एवम् परिमार्जन गर्न पनि सकिन्छ । राष्ट्रिय पाठ्यकमले समेट्न नसकेका विषय जुन स्थानीय सन्दर्भमा आवश्यक र महत्त्वपूर्ण छ । ती विषय क्षेत्रहरू नै स्थानीय पाठ्यक्रममा समेटिन्छन् । स्थानीय पाठ्यक्रम स्थानीय आवश्यकताका कुराहरू समेटी आफ्नो मौलिक कला, संस्कृति र पेसासँग चासो बढाउन स्थानीय सरोकारवालाहरूको नै क्षमता अभिवृद्धि गर्दै स्थानीय तहमै निर्माण गरी कार्यान्वयन गर्ने पाठ्यकम पनि हो । यो केन्द्रमुखी हुँदैन र हुनु पनि हुँदैन पनि । यो विकेन्द्रित पाठ्यकम हो ।

स्थानीय आवश्यकतालाई दृष्टिगत गरी तयार गरिने स्थानीय पाठ्यकम कार्यान्वयन गर्न त्यति सजिलो हुँदैन । सम्पूर्ण सरोकारवालाको विश्वास जित्न सकेको खण्डमा यसको कार्यान्वयन त्यति गाह्रो पनि देखिँदैन । यसको कारण के हो भने स्थानीय पाठ्यकम स्थानीय स्रोतसाधनकै प्रयोग गरेर कार्यान्वयन गर्न सकिन्छ । पाठ्यकम तयार भएपछि पाठ्यपुस्तक नै नभए पनि पाठ्यकम कार्यान्वयन गर्न विद्यार्थी र शिक्षकको संयुक्त प्रयास हुँदा सजिलै सकिन्छ । नेपाल विविधताले भरिपूर्ण मुलुक हो । यहाँका प्रत्येक टोल टोल र गाउँ गाउँमा फरक फरक संस्कृति, रीतिरिवाज र परम्परा पाइन्छन् । यहाँको भौगालिक परिवेश, जातजाति, संस्कार एवम् संस्कृति र मूल्यमान्यतामा पनि विविधता पाइन्छ । बागलुङ जिल्लाको हकमा पनि यही कुरा लागु हुन्छ र जैमिनी नगरपालिका पनि यसबाट पृथक् हुन सक्दैन । नेपालमा अपार स्रोत र सम्भावनाको भण्डार छ । हामीमा त्यसलाई पहिचान र व्यावसायीकरण गर्ने सिप र अभिवृत्तिको मात्र खाँचो छ ।

जैमिनी नगरपालिका पनि प्राकृतिक स्रोतसाधन, पर्यटकीय सम्भावना र जातिगत विशिष्टताले धनी छ । प्रशस्त जनशक्ति भएर पनि तिनलाई आर्थिक विकासको मूल धारमा ल्याउन सकिएको छैन । स्वरोजगारीको सिर्जना गर्नेभन्दा अरुले सिर्जना गरी दिएको रोजगारीमा मजदुरी गर्ने खालका जनशक्ति दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । जैमिनी नगरपालिकाले विभिन्न पेसा एवम् व्यावसाय गर्न चाहने

व्यक्तिलाई आर्थिक सहायता, बिना धितो सरल कर्जा वितरण जस्ता कार्यक्रम अगाडि बढाइरहेको छ । केही वर्ष यता हाम्रा शिक्षित युवा बेरोजगारका रूपमा परिणत भइरहेका छन् । यस्तो अवस्था आउनु हाम्रो जस्तो विकासोन्मुख मुलुक र नगरपालिकाका लागि विडम्बनाको कुरा हो । हाम्रो देशमा औद्योगिक क्षेत्र र सेवा क्षेत्र निकै सानो भएकाले यहाँ सीमित व्यक्तिले मात्र अवसर पाउन सक्ने अवस्था छ । स्थानीय स्रोत र साधन खेर गई कृत्रिम गरिबीको अवस्था सिर्जना भएको देखिन्छ । यस्ता कुरालाई राष्ट्रिय पाठ्यक्रमले समेट्न सम्भव हुँदैन । हाम्रो जैमिनी नगरपालिकामा पनि उद्यम नगर्ने, बेरोजगार छु भन्ने तर भएको जमिन बाँझै राखेर खाद्यान्नको मूल्य बढ्यो भनेर सरकारलाई गाली गर्ने प्रवृत्ति विद्यमान छ । हामीले विद्यार्थीलाई स्थानीय सामाजिक, आर्थिक, सांस्कृतिक एवम् धार्मिक अवस्था र महत्त्वका बारेमा पनि सिकाउनुपर्ने हुन्छ स्थानीय स्रोतसाधनको अधिकतम परिचालन गरी व्यक्तिलाई आर्थिक विकासमा सक्षम बनाउने कार्यमा स्थानीय पाठ्यक्रमको अहम् भूमिका रहेको हुन्छ । स्थानीय पेसा, व्यावसाय तथा जीविकोपार्जनमा विद्यार्थीलाई सहभागी गराउन पनि यो स्थानीय पाठ्यक्रम उपयोगी सिद्ध हुने छ । त्यसैले यस्ता स्थानीय पक्षलाई समेटेर विद्यार्थीलाई सिकाउनको निम्ति यो स्थानीय पाठ्यक्रम तयार पारिएको हो । यस्तो पाठ्यक्रम कुनै एक विद्यालय वा नजिकका विद्यालयका समूहले मिलेर बनाई लागु गर्न सक्छन् । यो पाठ्यक्रमको नमुनामा कुनै स्थान विशेष नतोकिएको हुनाले केही सामान्य जस्तो देखिन्छ । स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका कतिपय विषयवस्तु आवश्यक स्रोत सामग्रीहरूको खोजी गरी उपयोगमा ल्याउनुपर्ने हुन्छ । यसका लागि आवश्यक स्रोतसाधनको खोजी गर्न समेत क्रियाशील हुन आवश्यक छ । विद्यार्थीले प्रत्यक्ष भाग लिएर वा सम्बन्धित व्यक्ति वा विज्ञ व्यक्तिसँग छलफल गरेर पाठ्यक्रमका निर्धारित ज्ञान, सिप र अभिवृत्ति हासिल गर्न सक्ने छन् । स्थानीय विषय शिक्षण गर्ने शिक्षकले मूलतः निम्न कुराहरूमा ध्यान दिन आवश्यक हुन्छ :

- स्थानीय विषयले निर्दिष्ट गरेको क्षेत्र, कम र उद्देश्यलाई केन्द्रविन्दुमा राखेर विद्यार्थीको व्यक्तिगत विभिन्नता र सामाजिक विविधताअनुरूपको पाठ्यवस्तुलाई प्रोत्साहन गर्ने,
- सान्दर्भिक स्थानीय विषयवस्तु र आवश्यकतालाई जोड्दै विद्यार्थीको सक्रिय सहभागिता बढाउन विशेष ध्यान दिने,
- स्थानीय पेसा, व्यावसाय, समाज, संस्कृति, भूगोल, जातिगत र भाषागत अवस्थाको आधारमा विद्यार्थीको अपनत्व हुने खालको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

- पाठ्यक्रमको मर्म र भावनाअनुसार कक्षागतरूपमा सामान्यबाट जटिलतर्फका विषयवस्तुहरूको सोपान मिलाएर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
- कक्षाकोठाभित्र सिकाइका लागि गर्न सकिने क्रियाकलापहरू समूह कार्य, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, व्याख्या, ICT को प्रयोग, अभिनय, नाटक आदिलाई शिक्षण सिकाइसँग जोड्दै सिकाइको प्रभावकारितामा ध्यान दिने,
- कक्षाकोठाबाहिर सिकाइका लागि गर्न सकिने क्रियाकलापहरू परियोजना कार्य सामुदायिक कार्य, कार्यमूलक अनुसन्धान, क्षेत्र भ्रमण, प्रत्यक्ष अवलोकन, बाल अनुसन्धान, घटना अध्ययन, विभिन्न व्यक्तिसँग प्रत्यक्ष कुराकानी, लक्षित समूह छलफल आदि पक्षमा पाठ्यक्रमका उद्देश्य सम्बन्धित गराई शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन प्रयत्नरत रहने,
- सिकाइलाई दिगो र उद्देश्यमूलक बनाउन विद्यार्थीलाई गरेर सिक्ने (Learning by doing) सिद्धान्तको व्यावहारिक प्रयोगमा ध्यान दिने,
- मूल्याङ्कनका लागि पेपर पेन्सिल टेस्टभन्दा पनि निरन्तर अभ्यास एवम् परियोजना कार्य तथा विद्यार्थीको अभिव्यक्ति र व्यवहार परिवर्तनको अवस्थालाई ख्याल गर्ने,
- विभिन्न स्रोतसामग्री सङ्कलन गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता प्राप्तिका लागि प्रयत्नशील रहने,
- मूल्याङ्कन गर्दा विद्यार्थीको कार्यलाई प्रशंसा गर्ने,
- सिर्जनात्मक अभिव्यक्ति र अभ्यासात्मक क्रियाकलापको जगमा विद्यार्थीले प्राप्त गरेको ज्ञान, सिप, अभिवृत्ति र व्यावहारिक पक्षलाई आकलन गर्ने,
- स्थानीय विषय पढाउने शिक्षकबिच अनुभव आदानप्रदान गरी आइपरेका समस्या हल गर्न निरन्तर क्रियाशील रहने,
- पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यकता महसुस भएको अवस्थामा पालिकास्तरीय छलफल गरी परिमार्जन गर्न पहल गर्ने,
- विद्यार्थीलाई उत्पादनसँग गाँस्दै श्रमलाई सम्मान गर्ने तथा अग्रजको योगदानको कदर गर्दै असल आचरण, नैतिक मूल्यमान्यता, अनुशासन तथा सभ्यतासम्बन्धी पक्षहरूमा आफू र विद्यार्थी दुवैको भूमिकालाई समन्वयात्मक ढङ्गले विकास र विस्तार गर्न प्रयत्नशील रहने,

- आफ्नो परिवेश, स्थानीयता, जन्मभूमि, आफ्नो भाषा, संस्कृति, कलाकौशल, संस्कार, चाडपर्व, मूल्यमान्यता जस्ता पक्षहरू शिक्षण गर्दा आवश्यकतानुसार सम्बन्धित विषयमा जानकार व्यक्तिलाई स्रोत शिक्षकको रूपमा वेला वेलामा आमन्त्रण गरी अनुभव साटासाट गर्ने परिवेश निर्माण गर्ने ।
- विपद् व्यवस्थापन र सुरक्षित विद्यालयसम्बन्धी समुचित जानकारी गराई विद्यार्थीलाई विपद्बाट बच्ने उपाय, व्यवस्थापन, कारण प्रभाव तथा सुरक्षित विद्यालयको आवश्यकता र महत्त्वको सम्बन्धमा समेत छलफल, अनुभव साटासाट, अन्तरक्रिया, परियोजना कार्य प्रत्यक्ष अवलोकन आदिका माध्यमले सुसूचित गराउन क्रियाशील रहने कार्यमा सहभागितात्मक पद्धति अवलम्बन गर्ने ।

# अनुसूची

## अनुसूची १

**विद्यार्थी मूल्याङ्कन/आवधिक परीक्षा योजना र ढाँचा**

**(क) निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

कक्षा : १-३

औसत अङ्क विशिष्टीकरण तालिका

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| **जम्मा** | | **१००** |

**(ख) निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

**कक्षा : ४-८**

औसत अङ्क विशिष्टीकरण तालिका (निर्माणात्मक मूल्याङ्कन)/ आन्तरिक मूल्याङ्कन

| | | |
|---|---|---|
| सहभागिता | उपस्थिति | २ |
| | समूहकार्य | १ |
| | कक्षाकार्य ,गृहकार्य | १ |
| परियोजना कार्य | अध्ययन प्रतिवेदन लेखन | १६ |
| | रचनात्मक कार्य | १० |
| | नक्साकार्य,चित्रलेखन | १० |
| त्रैमासिक परीक्षा | प्रथम त्रैमासिक परीक्षा | ५ |
| | दोस्रो त्रैमासिक परीक्षा | ५ |
| जम्मा | | ५० |

उल्लिखित कार्य विवरणलाई अनिवार्य विषयमा जस्तै चारओटा आधारमा मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्ने छ ।

**(ग) निर्णयात्मक (आवधिक) परीक्षा**

कक्षा : ४-८ पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : अक्षराङ्क्मा मूल्याङ्कन गरिने औसत

प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह<br>(Knowledge Level) | बोध तह<br>(Understanding Level) | उच्च तह<br>(Higher Abilities) |
|---|---|---|
| ४० % | ४० % | २० % |

कक्षा ४ देखि ८ सम्म त्रैमासिक र वार्षिक परीक्षा गर्ने व्यवस्था गरिएको छ। त्रैमासिक अवधिको आन्तरिक मूल्याङ्कन गर्दा निम्नअनुसार कार्य गर्नुपर्छ :

- आन्तरिक मूल्याङ्कनअन्तर्गत सहभागिताबापत ४, प्रयोगात्मक तथा परियोजना कार्यबापत ३६ र त्रैमासिक परीक्षाबाट प्राप्त १० अङ्कभारमा विद्यार्थीले पाएको अङ्कभार लेख्ने
- त्रैमासिक परीक्षाको लागि ५० अङ्कभारमा परीक्षा सञ्चालन गरी १० अङ्कभारमा रूपान्तरण गर्ने
- वर्गान्तर तालिकाअनुसार विद्यार्थीले पाएको जम्मा अङ्कभारलाई ग्रेडमा उल्लेख गर्ने ।

### (घ) कक्षा ४-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| प्रश्न / क्षेत्र | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| जैमिनीको सेरोफेरो | २ | १ | २ | | | | १ | ५ | ५ | ३ | ७ |
| स्थानीय सम्पदा | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| जैमिनीको जीवन शैली र उद्यमशीलता | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| कृषि र पशुपक्षी पालन | १ | १ | १ | १ | ३ | ३ | १ | ५ | ५ | २ | ९ |
| शिक्षा स्वास्थ्य र खेलकुद | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| पर्यटन | २ | १ | २ | १ | ३ | ३ | | | | २ | ५ |
| विपद्, सामाजिक समस्या र सुरक्षा | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| सूचना र प्रविधि | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| | १ | १ | १ | १ | ३ | ३ | १ | ५ | ५ | | ९ |
| जम्मा | ११ | | ११ | ८ | | २४ | | | | २२ | **५०** |

**नोट** : १.प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

२.ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नहरू राख्नुपर्ने छ ।

**अनुसूची २**

**निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

**(क) विद्यार्थी मूल्याङ्कनका सम्भाव्य तरिका तथा साधनहरू**

| क.स. | मूल्याङ्कन आधार/सूचक | मूल्याङ्कनका सम्भावित साधन |
|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यावहारिक परिवर्तन | अवलोकन, दैनिक क्रियाकलाप, अभिभावक प्रतिक्रया, रुजु सूची, हाजिरी फारम, रुब्रिक्स |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | अवलोकन, रुजु सूची, फारम, दैनिक क्रियाकलाप, रुब्रिक्स |
| ३. | क्रियाकलापको योजना निर्माण | अवलोकन फारम, रुजु सूची, रुब्रिक्स, लेखन तरिका |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | प्रस्तुति अवलोकन फारम, रुजू सूची, रुब्रिक्स र श्रेणी मापन, मौखिक प्रश्न, श्रव्य तथा दृष्य सामग्री, |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृश्य सामग्री, प्रस्तुति अवलोकन फारम, लेखन शैली |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | प्रश्न, घटना, सन्दर्भ, पठन सामग्री, श्रव्य तथा दृष्य सामग्री, मौखिक प्रश्न, प्रस्तुति अवलोकन फारम आदि । |

**(ख) विद्यार्थी उपलब्धि स्तरको व्याख्या**

| उपलब्धि स्तर | स्तर मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी कम्तीमा उपलब्धिस्तर ३ पुऱ्याउने प्रयास गर्नुपर्दछ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीकोउपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनु पर्दछ भने अन्यलाई माथिल्लो स्तरका लागि सिकाइका लागि अवसर उपलब्ध गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइक्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षणपश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिस्तरसमेत गणना गरेर विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ । यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनलाई आवश्यकताअनुसार विद्यार्थीको सिकाइस्तरको सुनिश्चितता गर्न, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावि सिकाइका लागि योजना तयार गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले प्रयोग गर्न सक्दछन् ।

**विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन**

विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिकाको व्यवस्थापन निम्नानुसार गर्नुपर्दछ :

(१) विषक्षेत्रगत रूपमा प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ

(२) कार्यसञ्चयिका फायलमा विद्यार्थीको प्रगति स्पष्ट देखिने किसिमका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धिस्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुनसक्छ ।

(३) कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरमा राखिनु पर्छ ।

(४) प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका भएमा फायललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिषक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

**(ग) निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख र स्तर निर्धारण**

| **क्र.स.** | **मूल्याङ्कन आधार/सूचक** | **उच्च** | **राम्रो** | **सामान्य** | **कमजोर** |
|---|---|---|---|---|---|
| १. | कक्षामा उपस्थिति तथा व्यावहारिक परिवर्तन | ४ | ३ | २ | १ |
| २. | समूह निर्माण तथा समूहमा सहभागिता | ४ | ३ | २ | १ |
| ३. | क्रियाकलापको योजना निर्माण | ४ | ३ | २ | १ |
| ४. | क्रियाकलापको नमूना निर्माण/क्रियाकलाप सम्पन्न | ४ | ३ | २ | १ |
| ५. | शब्द निर्माण/उत्तर लेखन/प्रतिवेदन तयारी/नमुनाको चित्र | ४ | ३ | २ | १ |
| ६. | रचनात्मक कार्य/प्रस्तुति/अभिनय/प्रश्नको मौखिक उत्तर | ४ | ३ | २ | १ |
| | **जम्मा** | **२४** | **१८** | **१२** | **६** |

कक्षा १ देखि ३ सम्मको विद्यार्थी मूल्याङ्कन सिकाइका लागि र सिकाइ उपलब्धिमा आधारित भएकाले विद्यार्थीको सिकाइ उपलब्धिस्तर १ वा २ प्राप्त भएको प्रत्येक सिकाइ उपलब्धिमा अनिवार्य रूपमा उपचारात्मक शिक्षण (Remedial Teaching) गरी सिकाइ सुधार गर्नपर्ने भएकाले सबै विद्यार्थीको उपलब्धिस्तर शिक्षकले कक्षा शिक्षणकै क्रममा प्रवीण (Proficient) वा सुदृढ (Advanced) भएको सुनिश्चित गर्नुपर्ने छ । तसर्थ कक्षा १ देखि ३ सम्म ग्रेड उल्लेख नभएका (Not Graded) विद्यार्थी रहने अवस्था नरहने हुँदा यस तहमा ग्रेड वृद्धि परीक्षाको आवश्यकता पर्दैन ।

**(घ) निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमुना**

कक्षा :........... विषय :......................... विद्यार्थीको नाम :.........................................रोल नं. :.........

| विषय क्षेत्र/पाठ | अपेक्षित सिकाइ उपलब्धि/सक्षमता | मूल्याङ्कन आधार/सिकाइ उपलब्धि सूचक | नियमित पढाइ पछिको मूल्याङ्कन<br>सिकाइ उपलब्धि स्तर | मिति | थप सहायता पछिको मूल्याङ्कन<br>सिकाइ उपलब्धि स्तर | मिति | समग्र सिकाइ उपलब्धि स्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोट :** स्तर निर्धारण गर्नका लागि पाठको निर्धारित सिकाइ उपलब्धिमा आधारित भई विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरेको नगरेको मूल्याङ्कन गर्न माथिका सूचकहरूको प्रयोग गर्नुपर्दछ ।

**विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू**

१. सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ । विद्यार्थीको सिकाइ स्तर पहिचान गर्नका लागि प्रयोग गर्न सकिने केही साधनका उदाहरण यहाँ दिइएको छ । शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा प्रयोग गरेका साधनमध्ये फाराममा उल्लेख भएमा त्यसमा चिह्न लगाउनुपर्छ । फाराममा उल्लेख भएका बाहेक अन्य साधन प्रयोग गरेको भए सो साधनको उल्लेख सोही लहरमा उल्लेख गर्नुपर्छ ।

२. प्रत्येक सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्राप्त गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएकोमूल्याङ्कनमा

कुनै सिकाइ उपलब्धिमा विद्यार्थीले १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पुनः मूल्याङ्कन गरी फाराममा उल्लेख भएअनुसार अभिलेखित गर्नुपर्छ ।

४. सामान्यतया प्रत्येक विद्यार्थीको सिकाइस्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ भन्दा माथि जान सकेन भने त्यसको कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निकाल्नुपर्छ । आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार प्रत्येक विषयको क्षेत्रगत उपलब्धि प्रतिशत निम्नलिखित सूत्र प्रयोग गरी नियमित सिकाइपश्चात् र थप सहायतापश्चात् गरी दुई पटक निकाल्नुपर्छ र उक्त थिमगत रूपमा निकालिएको प्रतिशतका आधारमा थिमगत रूपमा ग्रेड पनि दिन सकिन्छ :

**विषय क्षेत्रगत** उपलब्धि प्रतिशत सूत्र =

थिम अन्तर्गत सबै सिकाइ उपलब्धिमा विद्यार्थीले प्राप्त गरेको स्तरको अङ्कको जोड X १००

थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या X ४

विषयको समग्र वार्षिक उपलब्धि निकाल्दा भने प्रत्येक विषयको प्रत्येक थिममा थप सहायतापश्चात् विद्यार्थीले प्राप्त गरेको अङ्कको योग निकाल्नुपर्छ ।

सबै विषयको विषयगत उपलब्धि प्रतिशत र ग्रेड निकालिसकेपछि अभिलेखीकरण तालिकामा उपलब्धि प्रतिशत माथि उल्लिखित प्रतिशतको वर्गान्तरण तालिकाअनुसार राख्नुपर्छ ।

विषयगत रूपमा ग्रेड निर्धारण गरेपश्चात तपसीलको सूत्र प्रयोग गरी औसत स्तरीकृत अङ्क (GPA) निकाल्नुपर्छ । यसका लागि सर्वप्रथम तल तालिकामा दिइएअनुसार Weighted Grade Point (WGP) को योगफल निकाल्नु पर्छ ।

Sum of weighted Grade Point (WGP) = Credit hour of Nepali × Obtained GP in Nepali + Credit hour of English × Obtained GP in English + Credit hour of Math × Obtained GP in Math + Credit hour of Our Surrounding × Obtained GP in Our Surrounding + Credit hour of Local subject Hamro Suddhodhan × Obtained GP in× Hamro Suddhodhan.

अब निम्नअनुसार स्तरीकृत औसत अङ्क (GPA) निकालिन्छ:

$$GPA = \frac{\text{Sum of WGP}}{\text{Total Credit of the class}}$$

| **उपलब्धि प्रतिशत** | **स्तरीकृत अङ्क** | **अक्षरमा उपलब्धि स्तर** | **उपलब्धिस्तरको व्याख्या** |
|---|---|---|---|
| ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |

**(ङ) विद्यार्थी मूल्याङ्कन अभिलेख फारम नमुना**

**विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

विद्यालयको नाम : ..................................................................

ठेगाना :............................................ विद्यार्थीको नाम :..........................................

जन्म मिति : ..........................................................कक्षा/रोल न.. :...................

विद्यार्थीको घरको ठेगाना : ................................................................................

पारिवारिक विवरण : आमाको नाम : .........................................पेसा : ........................... सम्पर्क नं. : .......................... बाबुको नाम : ................................................................ पेसा : .......................... सम्पर्क नं. : ..........................

बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ................................................पेसा : .......................... सम्पर्क नं. : ..........................

विद्यार्थीसँगको नाता : .......................... विद्यालय भर्ना मिति : ............................

**स्वास्थ्य सम्बन्धी विवरण**

**मितिः**............................ **तौल (के.जी.मा)** :.......................... **उचाइ (से.मि.मा)** :.............. कुनै विशेष रोग वा शारीरिक अपाङ्गता भएमा भएमा सो बारे टिपोटः .............................................................

शिक्षकको नाम र सही : .................................... मिति : ....................

**सन्दर्भसामग्री**


- *नेपालको संविधान,* २०७२, काठमाडौं : नेपाल सरकार कानुन किताब समिति ।
- *स्थानीय सरकार सञ्चालन ऐन, २०७४,* काठमाडौं : नेपाल सरकार कानुन किताब समिति ।
- *राष्ट्रिय पाठ्यक्रम प्रारूप,* २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- विद्यार्थी मूल्याङ्कन मार्गदर्शन २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- *स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित),* २०७६, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।




**प्रकाशक :**

**जैमिनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**कुश्मिसेरा, बागलुङ**